डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।
डढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्छ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,
त्यसैले,
वन पैदावारको सङ्कलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक दैनिक
eprateekdaily.com

जनहितमा जारी सन्देश
- सम्पूर्ण तराई 'लू'को चपेटामा छ,
- आवश्यक काम नपरी बाहिर ननिस्कौं,
- बाहिर निस्कनै परे छाता लिएर, टाउकोमा गम्छा राखेर, प्रशस्त पानी खाएर निस्कौं ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ २२ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 June 04 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २७२

## चालू आवको तुलनामा आगामी आवमा ४४ करोड बढी अनुदान रकम विनियोजित

प्रस, वीरगंज, २१ जेठ/

सरकारले पर्साका स्थानीय तहमा चालू आर्थिक वर्षको तुलनामा आगामी आवको लागि रु ४४ करोड बढी विनियोजन गरेको छ। सङ्घ सरकारले चालू आवमा पर्साका १४ वटै स्थानीय तहलाई चार अरब ६६ करोड ५० लाख रकम विनियोजित गरेकामा आगामी आव २०८१/८२ को लागि रु पाँच अर्ब १० करोड विनियोजित गरेको छ।

एउटा महानगर, तीनवटा नगरपालिका र १० वटा गाउँपालिका रहेको पर्सा जिल्लामा सबैभन्दा बढी वीरगंज महानगरपालिकालाई एक अर्ब ४४ करोड रकम विनियोजन गरेको छ। जसमध्ये तीनवटा नपालाई एक अर्ब ६४ करोड, १० वटा गापालाई दुई अर्ब ६४ करोड रकम आगामी आवको लागि विनियोजन गरिएको छ।

पोखरिया नपालाई ३३ करोड ३२ लाख, पर्सागढी नपालाई ३१ करोड ४७ लाख र बहुदरमाई नपालाई ३५ करोड ८५ लाख रकम विनियोजन गरिएको छ।

त्यसैगरी, छिपहरमाई गापालाई २८ करोड ३५ लाख, जगरनाथपुर गापालाई २८ करोड ८९ लाख, धोबिनी गापालाई २२ करोड १२ लाख, पटेर्वासुगौली गापालाई २८ करोड ३० लाख, विन्ध्यवासिनी गापालाई २४ करोड ४० लाख, कालिकामाई गापालाई २२ करोड २९ लाख, जीराभवानी गापालाई २५ करोड ३५ लाख रकम विनियोजन गरिएको छ।

सोहीअनुरूप चालू आवको लागि सङ्घ सरकारले वीरगंज मनपालाई एक करोड ३३ लाख, पोखरिया नपालाई ३३ करोड ४७ लाख, पकाहामैनपुर गापालाई २१ करोड ७९ लाख, कालिकामाई गापालाई २२ करोड ५८ लाख, धोबिनी गापालाई २१ करोड ४० लाख, ठोरी गापालाई २९ करोड ८१ लाख, विन्ध्यवासिनी गापालाई २२ करोड २४ लाख, बहुदरमाई नपालाई ३४ करोड ७८ लाख, सखुवाप्रसौनी गापालाई ३३ करोड १७ लाख, पटेर्वासुगौली गापालाई २५ करोड ७८ लाख, पर्सागढी नपालाई ३३ करोड १४ लाख, जगरनाथपुर गापालाई २९ करोड २२ लाख, छिपहरमाई गापालाई २५ करोड ८० लाख, जीराभवानी गापालाई २३ करोड २६ लाख रकम पठाएको छ। जुन अहिले खर्च भइरहेको छ।

सङ्घ सरकारले स्थानीय तहलाई वित्तीय हस्तान्तरण अनुदानबापत सो रकम उपलब्ध गराएको छ।




यसबाहेक स्थानीय तह आगामी आवको लागि राजस्व बाँडफाँड, सङ्घ र प्रदेशको थप अनुदान, आन्तरिक स्रोत अन्तर्गत ठेक्कापट्टा, कर असुलीको रकम थप गरी बजेट बनाउने तयारीमा छन्।

## मधेस प्रदेशका कार्यालयहरूमा महाभ्रष्टाचार

प्रस, वीरगंज, २१ जेठ/

मधेस प्रदेश सरकारका मन्त्री तथा तिनका आसेपासेका कारण प्रदेशभरिका




कार्यालय प्रमुखलगायत अन्य कर्मचारीहरू आजित भई कार्यालय छाडी बेपत्ता हुन थालेका छन्।

मधेस प्रदेशका आठवटा जिल्लामा सेवाभन्दा बढी विकासे कार्यालयहरू सञ्चालनमा छन्। मन्त्री तथा तिनका आसेपासेका रवैयाले कार्यालयमा बस्न नसकिएको एकजना कार्यालय प्रमुखले बताए। उनका अनुसार हुँदै नभएका कामहरूको भुक्तानी गराउन आसेपासेहरूले दबाब दिन थालेका छन्। उनीहरूको काम गरिएन भन्ने कुनै पनि बेला सरुवा गराउन सक्ने उनले बताए। अर्कोतर्फ हुँदै नभएका कामको भुक्तानी दिएमा जागीर जान सक्ने त्रास पनि रहेको ती कार्यालय प्रमुखको भनाइ छ।

अर्कोतिर मधेस सरकार ढल्ने निश्चित भएपछि मन्त्रीहरूले मातहतका कार्यालय प्रमुखहरूलाई मन्त्रालयमा हाजिर गराउन थालेका छन्। बजेटको केही प्रतिशत रकम मन्त्रीहरूले प्रत्यक्षरूपमा माग गरिरहेका छन्। मन्त्रीहरूले आफ्नै कार्यालय वा क्वार्टरमा प्रमुखहरूलाई बोलाइ कुल बजेटको केही प्रतिशत रकम नदिए आजभोलिमा नै सरुवा गर्ने धम्की दिने गरेको स्रोतले बताएको छ। पर्साका एकजना कार्यालय प्रमुखले आफूलाई थाहा छ केही रकम दिनुपर्छ तर कुन बेला मन्त्री फेरिने हो सोको डरले दिएको रकम डुब्न सक्छ भनी बताए। 'अफ द रेकर्ड'मा बोल्दै ती प्रमुखले आजभोलिमा नै फेरिने मन्त्रीलाई रकम दिए भोलि आउने मन्त्रीले पनि सोही अनुसार रकम माग गर्ने बताए।

नाम नलेख्ने शर्तमा ती कार्यालय प्रमुखले चालू आवको लागि पठाइएका योजनाहरूमा व्यक्तिको नाम नै तोकेर पठाइएको बताए। नाम तोकेर पठाएपछि आफूहरूले सोही अनुसार योजना वितरण गरेको बताए। सबै योजना मन्त्रीका आसेपासेहरूले नै हात पारेको उनको भनाइ थियो। ती प्रमुखका अनुसार ती योजनामा गुणस्तरहीन काम बढी हुन थालेको छ।

मधेस सरकार मातहतका कार्यालयहरूमा भ्रष्टाचार होइन महाभ्रष्टाचार हुने गरेको उनको दाबी छ। आफूहरू मधेस सरकारको कार्यालयमा बस्नु भनेको 'खानु कि ओकल्नु'सरह भएको बताए। स्वच्छ ठाउँको खोजीमा रहँदा आठ जिल्लामा सीमित मधेस प्रदेशको जुन ठाउँमा गए पनि जागीर जोगाउन धौधौ रहेको उनले गुनासो गरे।

सबै सूचकाङ्कमा पछाडि परेको मधेस प्रदेशलाई अगाडि बढाउनमा कर्मचारीहरूको उत्तिकै योग्दान हुन्छ। काम गर्ने वातावरण जनप्रतिनिधिहरूले बनाउनुपर्छ तर उनीहरूले नै भ्रष्टाचारलाई बढावा दिने गरेको कर्मचारीहरूले बताएका छन्।

## नारायणी अस्पतालले एकै दिन ४७ जना कर्मचारी हटायो

प्रस, वीरगंज, २१ जेठ/

नारायणी अस्पताल वीरगंजका मेडिकल सुपरिटेन्डेन्ट डा ऐनामुल हकले सोमवार करार र दैनिक ज्यालादारीमा खट्दै आएका ४७ जना कर्मचारीलाई भोलि मङ्गलवारदेखि लागू हुनेगरी हटाएका छन्।


तस्वीर: फाइल

यही जेठ १३ गते नारायणी अस्पतालको मेसु भएका डा हकले सोमवार दिउँसो सूचना प्रकाशित गरी ४७ जनालाई भोलिदेखि लागू हुनेगरी हटाएर आजै काठमाडौं गएका छन्। दिउँसो ३ बजे सूचना जारी गरेर उनी काठमाडौं गएको कर्मचारी स्रोतले बताएको छ। अस्पताल विकास समितिले गत २०८० फागुन १० गते निर्णय गरेर ११७ जना दैनिक ज्यालादारी, १७ जना करार र ३१ जना विभिन्न मितिदेखि खट्दै आएका कर्मचारीहरूको व्यवस्थापन गरेको थियो। सात सदस्यीय समितिमध्ये नगरप्रमुख राजेशमान सिंह र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सदस्यबाहेक अध्यक्ष गुप्ता, सदस्यसचिव मेसु डा चित्तरञ्जन साह, रमेश चौधरी, किरणकुमार शर्मा, अक्षयकुमार झा सो बैठकमा उपस्थित थिए। सोही समयमा भर्ना गरिएका कर्मचारीहरूमध्ये आज ४७ जनालाई हटाइएको हो। हटाइएका कर्मचारीमा ११ जना चिकित्सक, १२ जना स्टाफ नर्स, एक/एक जना दृष्टि विशेषज्ञ, बायोमेडिकल टेक्निसियन र फार्मेसी सहायक छन्। यसैगरी तीनजना हेल्थ असिस्टेन्ट, पाँचजना रेडियोग्राफर, तीनजना अहेब, सातजना कार्यालय सहयोगी र दुईजना स्वीपर छन्। अस्पताल विकास समितिका अध्यक्ष धीरजकुमार गुप्ताले आफूलाई पनि अपर ाह्न ४ बजे जानकारी भएको र मेसुलाई फोनबाट सोधनी गर्दा उनी काठमाडौं पुगेको र भोलि आएर बताउने भनेको बताए। उनले विकास समितिले यसबारेमा कुनै निर्णय नगरेको बताए।

अस्पतालका सूचना अधिकारी सुनील रौनियारले कर्मचारी प्रशासनको निर्णयबाट हटाइएको बताए। उनले मेसु, लेखापाल र प्रशासन प्रमुख रहेको कर्मचारी प्रशासनको आजको बैठकले तलबसुविधा दिन समस्या भएकोले ४७ जनालाई हटाउने निर्णय गरेको बताए। हटाइएका कर्मचारीहरूको सात महीनादेखिको तलब बाँकी रहेको र उनीहरूलाई असार मसान्तसम्म बाँकी रहेको तलबसुविधा उपलब्ध गराइने सूचना अधिकारी रौनियारले बताए।

## महानगरका वडाध्यक्षहरूलाई डेङ्गुबारे अभिमुखीकरण

प्रस, वीरगंज, २१ जेठ/

स्वास्थ्य कार्यालय, पर्साको आयोजनामा सोमवार वीरगंज महानगरका वडाध्यक्षहरूलाई लामखुट्टेबाट हुने डेङ्गु, मलेरियालगायत रोगबारे प्रशिक्षण दिइएको छ।

वीरगंज-४ बिर्तास्थित शैक्षिक तालीम केन्द्रमा महानगरका वडा नं १ देखि १६ सम्मका वडाध्यक्षहरूलाई पहिलो चरणमा लामखुट्टेबाट हुने डेङ्गु, मलेरिया, कालाजार, इका, इन्सेफ्लाइटिस, बायोलार्फिकसाइट नियन्त्रणबारे स्वास्थ्य कार्यालयका खोप अधिकृत जयमोद ठाकुरले प्रशिक्षण दिएका थिए।

वडाध्यक्ष जगत साह कानूको अध्यक्षतामा भएको प्रशिक्षण उद्घाटन कार्यक्रममा स्वास्थ्य कार्यालयका प्रमुख डा मुक्तिनारायण साहले लामखुट्टेबाट हुने रोग नियन्त्रणका लागि वडास्तरमा जनप्रतिनिधिहरूले सचेतनामूलक कार्यक्रम आयोजना गर्नुपर्ने र रोग नियन्त्रणका लागि सोसम्बन्धी औषधिको प्रयोग गर्नुपर्ने बताए। उनले गत वर्ष १०३ जना डेङ्गु रोगी देखिएका र यस वर्ष सो सङ्ख्यालाई कम गर्ने लक्ष्यसहित काम भइरहेको बताए।


तस्वीर:प्रतीक

लामखुट्टेको प्रजनन हुन नदिन वडास्तरबाट औषधिको प्रयोग गर्न र वडावासीले पनि लामखुट्टे हुर्किने गरी घरआँगनमा पानी जम्ने स्थान पर्नुपर्ने बताए।

कार्यक्रममा वीरगंज महानगरका सरसफाइ प्रमुख सर्फुद्दीन अन्सारीलाई डा साहले २५० एमएलको एक हजार थान औषधि हस्तान्तरण गरेका थिए। कार्यक्रममा वडाध्यक्षहरू प्रदीप चौरसिया, सुरेश गुप्ता, हीरा गिरी, रमेश यादव, जयप्रकाश शाह र वीरगंज महानगर स्वास्थ्य महाशाखाका प्रमुख अनिल यादवलगायतको सहभागिता थियो।

## ग्रामीण क्षेत्रमा ७५ प्रतिशत इन्टरनेट प्रयोगकर्ता

प्रस, सेढवा, २१ जेठ/

सूचना तथा सञ्चार प्रविधिको विकाससँगै पर्सा जिल्लाका ग्रामीण भेगमा इन्टरनेटको प्रयोगकर्ताको सङ्ख्यामा वृद्धि भएको छ। यस क्षेत्रमा रहेका इन्टरनेट प्रयोगकर्ताहरू फेसबूक, मेसेन्जर, इमो, ह्वाटसएपलगायत सामाजिक सञ्जालहरू बढी चलाउने गर्छन्।

विशेषगरी युवा, कर्मचारी, विद्यार्थी तथा वैदेशिक रोजगारमा गएका परिवारका सदस्यहरूले इन्टरनेट प्रयोग बढी गर्छन्। स्वदेश तथा विदेशका सूचना, समाचार, जानकारीका लागि इन्टरनेट प्रयोग गर्ने गरेको जगरनाथपुर गाउँपालिका-१ पिपडाढीका कारी चौधरीले बताए।


तस्वीर: सौजन्य

सूचना तथा सञ्चारका माध्यम पत्रपत्रिका तथा रेडियोको पहुँचभन्दा बाहिर रहेका गाउँघरमा इन्टरनेटको प्रयोग बढी भइरहेको चौधरीले बताए। जिल्लाका ठोरी, जीराभवानी, पटेर्वासुगौली, जगरनाथपुर गाउँपालिकालगायतका क्षेत्रका मोबाइल प्रयोगकर्तामध्ये ७५ प्रतिशतभन्दा बढीले इन्टरनेट चलाउने गर्छन्।

रोजगारको सिलसिलामा स्वदेश तथा विदेशका विभिन्न शहरमा गएका नेपालीहरू घरपरिवारसँग कुराकानी गर्नका लागि इन्टरनेट चलाउने गरेको जीराभवानी गापा-१ शान्तिनगरकी

(बाँकी पाँचौं पातामा)

विचारसार र सुक्तिहरू

**समय र भाग्यमाथि कहिल्यै अहंकार नगर्नु किनभने यी दुवै परिवर्तनशील हुन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# आर्थिक राजधानी

**वीरगंजलाई औद्योगिक राजधानी बनाउने कुरा लामो समयदेखि चल्दै आएको हो। वीरगंज उद्योग वाणिज्य सङ्घले करीब तीन दशकदेखि यो कुराको उठान गर्दै आएको छ तर सरकारले आश्वासन मात्र दिने र घोषणा भने नगर्ने दोहोरो चरित्र प्रदर्शन गरिरहेको छ । वीउवासङ्घको बर्सेनि हुने साधारणसभा अनि अधिवेशनको क्रममा यो कुरा जोडतोडले उठाइन्छ अनि कार्यक्रमका प्रमुख अतिथि हुने अर्थमन्त्री, उद्योगमन्त्रीहरूले यसबारेमा आश्वासन मात्र दिने गर्छन् तर आर्थिक राजधानी घोषणा गर्दैनन्। मधेस प्रदेशको राजधानी वीरगंज हुनुपर्ने भनेर मधेस आन्दोलन–२०७२ मा उठेको थियो र तत्कालीन मधेसवादी दलका सबैजसो नेताले आश्वासन पनि दिएका थिए। तर त्यत्तिखेरको राजनीतिक चलखेलमा वीरगंज प्रदेशको राजधानी नभएर जनकपुरलाई घोषणा गर्ने तयारी गरिएपछि वीरगंजलाई आर्थिक राजधानी बनाउने आश्वासन दिइएको थियो । जनकपुर २०७८ सालमा मधेस प्रदेशको राजधानी घोषणा भयो तर वीरगंज भने अहिलेसम्म आर्थिक राजधानी घोषणा हुन सकेको छैन । चार दशक अघिदेखिको ग्रेटर वीरगंजको अवधारणा पनि अहिले ओझेलमा छ ।**

**बाराको पथलैयादेखि वीरगंजसम्मको क्षेत्रलाई समेटेर ग्रेटर वीरगंजको अवधारणा अघि सारिएको थियो । सरकारका मन्त्रीहरूले पनि ग्रेटर वीरगंज घोषणा गर्ने आश्वासन दिँदै आएका छन्। यो आश्वासनमैं सीमित छ। विशेष आर्थिक क्षेत्र (सेज) निर्माणको क्रममा पनि सरकारले वीरगंजलाई पहिलो प्राथमिकतामा राखेन र बुटवलपछि घोषणा गऱ्यो । बाराको जीतपुरसिमरा उपमहानगरपालिका–४ मा वीरगंज चिनी कारखानाको आठ सय बिघा जग्गामध्ये अढाई सय विघा जग्गामा सेज निर्माण गरिएको छ। ४० प्रतिशत निर्यातजन्य उद्योग र बाँकी अन्य उद्योगहरू बसाल्ने नीति रहे पनि अहिले सेजमा तीन/चार वटा उद्योगबाहेक थप उद्योगहरू बस्न चाहेका छैनन्। लिजको रकम बढी र सेवासुविधा न्यून रहेको कारण सेज खाली छ। बारा र पर्सामा साना/ठूला गरी अढाई हजार बढी उद्योगहरू छन्। हजारौंले प्रत्यक्षरूपमा रोजगार पाएका छन् भने लाखौं मानिस अप्रत्यक्षरूपमा जोडिएका छन् । औद्योगिक राजधानी घोषणा गरेपछि सरकारको दायित्व बढ्छ । नियमित विद्युत् उपलब्ध गराउनुपर्छ, समय तोकेर मात्र विद्युत् आपूर्ति बन्द गर्नुपर्छ र यसरी बन्द गर्दा क्षति बेहोर्नुपर्छ, सरकारी अनुदान सहयोग दिनुपर्छ अनि उद्योगप्रति सरकारको उत्तरदायित्व पनि बढ्छ। यसैगरी, उद्योगहरू पनि समाज र देशप्रति उत्तरदायी हुन्छन्, वातावरण प्रदूषण, शिक्षा, स्वास्थ्य र रोजगारको सवालमा। सामाजिक उत्तरदायित्व निर्वहन गर्ने विषयमा उद्योगहरू अहिले कत्ति पनि जिम्मेवार छैनन् ।**

**सरकार र उद्योग दुवै जिम्मेवार हुने यो विषयलाई प्राथमिकताका साथ उठान गरेर लागू गराउने विषयमा पर्सा र बाराका राजनीतिज्ञहरूको पनि चासो देखिन्न । निजी लगानीबाट सञ्चालित उद्योगहरूमा राजनीतिकर्मीहरूको पनि स्वार्थ जोडिएको छ । उद्योगहरू समस्याग्रस्त अवस्थामा रहँदा धेरैको स्वार्थसिद्ध हुँदै आएको छ । उद्योगहरू व्यवस्थित हुनासाथ उद्योगहरूमा हुँदै आएका प्रत्यक्ष/अप्रत्यक्ष हस्तक्षेप हट्ने भयले राजनीतिकर्मीहरूले यो विषयलाई गम्भीरतापूर्वक उठान गरी सरकारलाई आर्थिक राजधानी घोषणा गराउन बाध्य पार्न सकेका छैनन् ।**

# आशावादी बजेट

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला
Phd
rajendrakoirala20@gmail.com


**दुःखको साथ भन्नुपर्छ कि पर्सा जिल्लालाई फेरि पनि बजेटमा विभेद गरियो । यसका दोषी यहाँका राजनीतिक दलहरू नै हुन् । बजेट आउनुभन्दा अगाडि राष्ट्रिय योजना आयोग र शीर्ष नेताहरूका साथै क्याबिनेटका मन्त्रीहरूसँग लबिङ गर्न नसक्नु नै यसको मुख्य कारण हो ।**

प्रचण्ड नेतृत्वको सरकारले जेठ १५ गते प्रस्तुत गरेको बजेटले जनतामा आशा जगाएको साथै बजेट यथार्थपरक र संयमित देखिन्छ । नेपालको वास्तविक अवस्था विश्लेषण गरेर सुधारको बाटो समात्नेगरी बजेट आएको छ भन्दा फरक नपर्ला। कार्यान्वयनमा प्रश्न उठ्न सक्ला त्यो बेग्लै पक्ष हो, तर प्रत्येक कोणबाट व्याख्या गर्दा अब चाहिं अर्थतन्त्रमा केही सुधार हुन्छ कि भन्ने आशा पलाएको छ।

करका दर औचित्य र आवश्यकताका आधारमा परिवर्तन गरिएको छ । बजेटका प्राथमिकता र उद्देश्य धेरैतर्फ छर्ने भन्दा पनि कृषि, ऊर्जा, सूचना प्रविधिलगायत क्षेत्रलाई प्राथमिकतामा राखेर आन्तरिक उत्पादन बढाउने नीति बजेटले अवलम्बन गरेको देखिन्छ।

सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत अबको १० वर्षमा निर्यात ३० खर्ब पुऱ्याउने महत्त्वाकाङ्क्षी योजना अघि सारेको र स्वदेशी उद्योग तथा उत्पादनलाई संरक्षण गर्ने नीति लिएको छ । स्वदेशी उत्पादनलाई प्राथमिकता दिने उद्देश्यले तयारी र कच्चा पदार्थमा दुई तहको भन्सार लगाउने नीति लिइएको छ । हरित करको नयाँ विषय आर्थिक ऐनमा राखिएको छ।

अघिल्लो सरकारका अर्थमन्त्रीले आलु, प्याजमा समेत कर लगाएर जनताको भान्छामा बलिरहेको आगोमा पानी हालिदिएका थिए। नखाए पनि फरक नपर्ने मामुली प्याजको मूल्य रातारात झन्डै २ सय रुपियाँ पुग्यो । कुनै बेला थियो, नेपाल भोकमरीग्रस्त मुलुकहरूलाई अन्न बाँड्थ्यो र बेच्थ्यो, तर अहिले त्यो अवस्था रहेन । मान्छे उत्पादन गर्ने र मान्छे निर्यात गर्ने नीति अवलम्बन गर्दा आज मुलुकमा काम गर्ने मान्छे कम हुँदै गए र खाद्यान्नमा समेत परनिर्भर हुने अवस्था आइलाग्यो। यही कारण आलु १०० र प्याज २०० रुपियाँसम्म पुग्यो। अरू अन्न, तरकारी र फलफूलको कुरा गरी साध्य छैन । लुटेर, ढाँट–छल गरेर, जालझेल र गाँजेमाँजे गरेर कमाउनेहरू हाँसीहाँसी परिवार पालिरहेका छन् भने लुट्न, बदमाशी गर्न नसक्ने–नचाहनेहरूलाई परिवार पाल्न धौधौ छ। यस्तो अवस्थामा आलु, प्याजमा कर हटाउँदा थोरै भए पनि जनतालाई राहत हुन्छ । आलु र प्याजमा कर लगाउनु लाजलाग्दो विषय थियो।

“जीवनोपयोगी र गुणस्तरीय शिक्षाका माध्यमबाट मर्यादित र नैतिकवान समाज विकास हुने कुरा बजेटले स्पष्ट गरेको छ । आधारभूत शिक्षा प्राप्त गर्ने बालबालिकाको हक सुनिश्चित गरेको छ । सीपमूलक–प्राविधिक शिक्षा विस्तार गरी रोजगारको अवसर सिर्जना गरिने कुरा उल्लेख छ। उच्च शिक्षा अनुसन्धानमूलक, नवप्रवर्तनमुखी र व्यावसायिक बनाइने कुरालाई प्राथमिकमा राखिएको छ । सबैभन्दा बढी बजेट शिक्षामा छुट्याइएको छ, जुन प्रशंसनीय छ। बजेटमा शिक्षातर्फ सबैभन्दा बढी २ खर्ब ३ अर्ब ६६ करोड रुपियाँ छुट्याइएको छ। पर्यटन प्रवर्द्धनतर्फ ११ अर्ब ९१ करोड रुपियाँ विनियोजन गरिएको छ । सञ्चारतर्फ ७ अर्ब ३५ करोड रुपियाँ छुट्याइएको छ।

सरकारले जाँड–रक्सी, सुर्ती–चुरोटमा करको दर बढाएको छ । स्वास्थ्यमा हानि पुऱ्याउने चीजमा चार हजार गुणा कर थपे पनि खास फरक पर्दैन । ज्यानै जाने चीज सेवन गर्नेलाई कर बढाएर अप्रत्यक्ष सजाय दिनु गतिलै काम हो । यो सरकारले नेपालको इतिहासमा कसैले नगरेको स्थानीय मदिरालाई ब्रान्डिङ गर्ने योजना ल्यायो। यो असाध्यै राम्रो काम गऱ्यो। आजभन्दा दशौं वर्ष पहिले यो काम गर्न सकिएको भए नेपालको अर्बौं होइन, खर्बौं रुपियाँ जोगिन्थ्यो। रक्सीमा नेपाली धन विदेशिने थिएन, विदेशीले नेपाली मदिरा सेवन गर्ने अवस्था सिर्जना गरिएको भए आज नेपालको आर्थिक अवस्था अत्यन्त मजबूत हुन्थ्यो । नेपालमा बनेको लेबल टाँसेर विदेश पठाउने बन्दोबस्त गर्न सकिएको भए विदेशमा बस्ने नेपालीहरूले स्वदेशी मदिरा पिउँथे। विदेशी रक्सीभन्दा नेपाली रक्सीको गुणस्तर कुनै पनि हालतमा कम नभएको जानकारहरू बताउँछन् । स्थानीय मदिरालाई विशेष महत्त्व दिंदा रोजगार वृद्धि हुने र ग्रामीण अर्थतन्त्रमा समेत सुधार देखा पर्ने निश्चित छ। न्यून आय भएका ग्रामीण जनताको आय वृद्धि हुने र रोजगार वृद्धिसमेत हुँदा सरकारलाई पनि हाइसन्चो हुने अवस्था सिर्जना हुन्छ।

यस बजेटका पाँचवटा उद्देश्य छन्– पहिलो; उत्पादन, उत्पादकत्व र रोजगार वृद्धि, दोस्रो; निजी क्षेत्रको मनोबल बढाउँदै लगानी वृद्धि र आर्थिक क्रियाकलापमा तीव्रता, तेस्रो; मानव संसाधन विकास, चौथो; सन्तुलित र समन्यायिय ढङ्गले स्रोत र साधन परिचालन गरी आर्थिक असमानता र गरीबी न्यूनीकरण र पाँचौं; सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने। यस्तै बजेटका पाँच प्राथमिकता पनि निर्धारण गरिएका छन्– पहिलो; आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्द्धन, दोस्रो; कृषि, ऊर्जा, सूचना प्रविधि, पर्यटन, औद्योगिक विकास तथा पूर्वाधार निर्माण, तेस्रो; शिक्षा, स्वास्थ्यलगायत सामाजिक क्षेत्रको विकास, चौथो; समावेशी र सामाजिक सुरक्षा र पाँचौं; सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहमा सुधार ।

बजेटमा आर्थिक सुधारका पाँच रणनीति उल्लेख छ। पहिलो; संरचनागत सुधार–यसमा राष्ट्रिय अर्थतन्त्रको सम्भाव्यता विश्लेषणको आधारमा आर्थिक वृद्धिका प्रमुख संवाहक क्षेत्र पहिचान गरी उच्च दरको आर्थिक वृद्धि हासिल गर्न र एकीकृत आर्थिक करिडर विकास, डिजिटल अर्थतन्त्रको विस्तार र हरित अर्थतन्त्रको आधार निर्माण गर्न नयाँ चरणको आर्थिक सुधार कार्यक्रम अघि बढाइने छ । दोस्रो; व्यावसायिक वातावरण सुधार–यसमा उद्योग र लगानीसम्बन्धी कानून परिमार्जन, नीतिगत स्थायित्व एवं लगानी सुरक्षाको प्रत्याभूति, कन्ट्री रेटिङ, द्विपक्षीय लगानी र दोहोरो करमुक्ति सम्झौता, प्रविधि हस्तान्तरणबापत विदेश लैजान पाउने सेवा शुल्कको सीमा वृद्धि, विदेशमा प्रविधि हस्तान्तरण गरी आर्जित आयलाई निश्चित सीमासम्म पुनः विदेशमा लगानी गर्न पाउने व्यवस्था र ससाना पूँजी सङ्कलन गरी उद्यम तथा पूर्वाधार विकासमा लगानी गर्ने कम्पनी स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरी व्यावसायिक वातावरणमा सुधार। तेस्रो; सार्वजनिक वित्त प्रणाली सुधार–यसमा कर प्रणालीमा सुधार एवं नीतिगत स्थायित्व, वित्तीय र मौद्रिक नीतिबीचे तादात्म्य, सार्वजनिक ऋणको दिगोपना, वित्तीय क्षेत्रको स्थायित्व र पूँजी परिचालन अभिवृद्धि, मितव्ययी र प्रतिफलमुखी सार्वजनिक खर्च व्यवस्थापन र उद्देश्यमूलक वित्तीय हस्तान्तरण सुनिश्चित हुनेगरी सार्वजनिक वित्त प्रणालीमा सुधार। चौथो; वित्तीय क्षेत्र सुधार–यसमा दोस्रो वित्तीय क्षेत्र विकास रणनीति तर्जुमा एवं कार्यान्वयन, डिजिटल भुक्तानीको प्रवर्द्धन, केन्द्रीय बैंक डिजिटल करेन्सी तयारी, औपचारिक क्षेत्रमा आर्थिक गतिविधि विस्तार, हरित वित्तलगायत नवीनतम वित्तीय उपकरण उपयोग गर्नेगरी वित्तीय क्षेत्र सुधारका कार्यक्रम। पाँचौं; सार्वजनिक प्रशासनमा सुधार–यसमा सार्वजनिक प्रशासनको संरचनागत, कार्यात्मक र व्यवहारगत सुधार एवं सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम उपयोग गरी सार्वजनिक क्षेत्रमा सुशासन प्रवर्द्धन–यसमा आगामी आर्थिक वर्षमा सार्वजनिक उत्तरदायित्व र स्वार्थको द्वन्द्व कानून तर्जुमा गरिने उल्लेख छ।

बजेटमा मुलुकको आर्थिक सामाजिक रूपान्तरणका लागि पाँच रूपान्तरकारी क्षेत्र रहने उल्लेख गरिएको छ, जसमा पहिलो कृषि, दोस्रो ऊर्जा विकास, तेस्रो सूचना प्रविधि विकास, चौथो पर्यटन प्रवर्द्धन र पाँचौं उद्यमशीलता र औद्योगिक विकास छन्। सूचना प्रविधि क्षेत्रमा १० वर्षमा ३० खर्ब बराबर सेवा निर्यात गर्ने लक्ष्य राखिएको छ।

सरकार एउटा ऐतिहासिक काम गर्न तम्सेको छ। गाँजाखेतीप्रति लचिलो नियम ल्याउने । गाँजा उत्पादन गर्ने हो भने त्यसका लागि नेपाल हरेक कोणबाट उपयुक्त थलो हुन सक्छ । गाँजा संसारभरिका देशमा सेवन गरिन्छ भनिएको छ । कतिपय मुलुकमा गाँजामाथि प्रतिबन्ध छ। लागू पदार्थको सूचीमा राखेर गाँजालाई प्रतिबन्ध गरिएको हो । गाँजाबारे अवस्था हेरेर कसैले प्रतिबन्ध लगाउँछ, कसैले खुला गर्छ । बजारमा चुरोट–बिंडी, सुर्ती र गुटखा खुलेआम बिक्री भइरहेको छ । सेवन गर्नेले गरिरहेका छन्, नगर्नेले गरेका छैनन्। गाँजा खुला गर्दा पनि सबैले गाँजा सेवन गर्दैनन्। नेपालीलाई गाँजा उत्पादन र बिक्री गर्न छूट दिने, सेवन गर्न नदिने र विदेशीलाई निश्चित क्षेत्र तोकेर सेवन गर्न दिने वा नीति लागू गर्न सकिन्छ ।

यस्तै पाँच लाख प्रत्यक्ष तथा १० लाख अप्रत्यक्ष रोजगार सिर्जना गर्ने लक्ष्यसहित आगामी आर्थिक वर्षलाई सूचना प्रविधि दशकको प्रस्थान वर्षको रूपमा अगाडि बढाइने छ । सरकारले पाँच लाख परिवारलाई लालपुर्जा दिने भएको छ। सरकारले पोडवे निर्माणका लागि बजेट विनियोजन गरेको छ। यातायातको नयाँ प्रविधिको रूपमा नेपाल भित्रिएको पोडवे निर्माणको ढाँचा र सम्भाव्यता अध्ययन गरिने छ। यस्तै बजेटमा महिला लगानी वर्ष मनाउने घोषणा, प्रधानमन्त्री छोरी कार्यक्रमलाई १० करोड छुट्याएको छ।

बजेटमा समस्याग्रस्त सहकारीमा पाँच लाखसम्म बचत गरेका बचतकर्ताको रकम फिर्ता गर्ने उल्लेख छ। उद्यममा युवा सहभागिता बढाउन तथा स्टार्टअपलाई वित्तीय सहयोग गर्नका लागि एक अर्ब रकम बराबरको स्टार्टअप कोष स्थापना गरिने छ। काठमाडौं उपत्यका र बुटवलमा उच्च गतिको इन्टरनेट, विद्युत् र सुरक्षालगायत पूर्वाधारका लागि सूचना प्रविधि पार्क बनाइने छ। कृषिमा लगानी दशक घोषणा गरिएको छ । आगामी वर्षमा ९०० मेगावाट विद्युत् थप उत्पादन गरिने छ । विद्युत् उत्पादन वृद्धिका लागि जनताको लगानीमा माथिल्लो अरुण बनाइने छ।

सुशासनको हकमा पनि सरकार खरो साबित हुने देखिएको छ । प्रचण्ड प्रधानमन्त्री छन् । उनले चाहेको भए माओवादीका बडेबडे नेता जो आर्थिक भ्रष्टाचारमा सामेल भएको भेटियो तिनलाई सजिलै उन्मुक्ति दिन सक्थे, तर त्यसो गरेनन् । यस्ता काम गर्दा सरकारलाई स्याबासी दिंदा कसैले निन्याउरो अनुहार बनाउन पर्दैन।

**बजेटको आलोचनात्मक टिप्पणी :**

बजेटले न्यून आय भएका जनता र श्रमिकलाई राहत प्रदान गर्न राशन कार्डको व्यवस्था र सुपथ मूल्यका पसलबाट राशन कार्डका आधारमा बिक्री वितरण गर्ने कार्यक्रम पाउन सकिंदैन। श्रमिकहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने, अस्थायी/करार श्रमिक तथा कर्मचारीलाई दरबन्दी निर्धारण गरी प्रतिस्पर्धाबाट स्थायी प्रदान गर्ने, जनउपयोगी सार्वजनिक संस्थानहरू कृषि, खाद्य, दुग्ध, बीउबिजन, साझा यातायात, नेपाल औषधी लिमिटेड, साल्ट ट्रेडिङलगायत संस्थानमा सङ्घ, प्रदेश र स्थानीय तहका सरकारको सेयर स्वामित्व र व्यवस्थापन हुने गरी पुनर्संरचना गरेर ७५३ वटै पालिकामा यसको सेवा विस्तार गर्ने, राष्ट्रिय श्रम आयोग गठन गर्ने विगतका बजेट तथा कार्यक्रममा उल्लेख भएको विषय यसपटक समेटिएको छैन। हरेक दुई वर्षमा राष्ट्रसेवक कर्मचारीको तलब र महँगीको अनुपातमा महँगी भत्ता वृद्धि गर्नुपर्ने व्यवस्थालाई बजेटले समेट्न सकेको छैन।

अन्त्यमा

दुःखको साथ भन्नुपर्छ कि पर्सा जिल्लालाई फेरि पनि बजेटमा विभेद गरियो । यसका दोषी यहाँका राजनीतिकदलहरू नै हुन् । सामूहिक रूपमा बजेट आउनुभन्दा अगाडि राष्ट्रिय योजना आयोग र शीर्ष नेताहरूका साथै क्याबिनेटका मन्त्रीहरूसँग लबिङ गर्न नसक्नु नै यसको मुख्य कारण हो।

## पाँच कक्षापछि पढ्न पाउँदैनन् निसेलढोरका बालबालिका

गलकोट (बागलुङ), २१ जेठ/रासस

बागलुङको निसेलढोर गाउँ पुग्दा सम्झना विश्वकर्मा छोराको हेरचाहमा व्यस्त थिइन् । उमेरले १९ वर्ष भएकी विश्वकर्माले कक्षा छ मैं पढाइलाई विश्राम दिइन्। उनको पढ्ने रहन नभएर होइन गाउँमा विद्यालय नहुँदा पढाइ छोडेर बिहे गरिन् ।

निसीखोला गाउँपालिका–५ निसेलढोरमा अशिक्षा, गरीबी र बालविवाह व्याप्त छ। त्यसैको चेपुवामा सम्झनाजस्ता धेरै किशोरी परेका छन्। निसेलढोरमा पाँच कक्षासम्म अध्ययन हुने गरेको र माध्यमिक शिक्षा अध्ययनका लागि घरबाट टाढा जान सम्भव नभएपछि पढाइ छोडेको विश्वकर्माले दुःखेसो पोखिन्। “१९ वर्षकी भएँ, पढाइको महत्त्व अहिले बुझ्दै छु । घरबाट पाँच घण्टाको पैदल दूरीमा माध्यमिक विद्यालय छ, त्यस कारण पढ्न सम्भव भएन। सानै उमेर भएकाले कोठा खोजेर पनि बस्न सकिएन, यहाँ म मात्रै होइन विद्यालय नहुँदा धेरैले पाँच कक्षापछि पढाइ छोड्नुपर्ने बाध्यता छ,” उनले भनिन् ।

शिक्षा मात्र होइन यहाँ विद्युत्को पनि त्यस्तै समस्या छ। एक वर्षअघि नेपाल टेलिकमले मोबाइल टावर राखे पनि मोबाइल चार्ज गर्न नसकिएको स्थानीयको गुनासो छ। निसेलढोरमा ५५ स्थायी र १५० घरमा घुम्ती बसाइ हुन्छ । घुम्ती बसाइ गर्ने परिवारका बालबालिकाले निसीखोलाको बेंसीमा विद्यालयमा अध्ययन गर्ने भएपनि निसेलढोरमैं रहेका बालबालिका कक्षा पाँचपछि अध्ययन छोड्ने गरेका स्थानीय खिमा विकको भनाइ छ । “यहाँ त बालविवाह सामान्यजस्तै छ, केही बालबालिका विद्यालय नै जाँदैनन्, कक्षा पाँचसम्म त गाउँमैं पढाइ हुन्छ, त्यसमाथि अध्ययन गर्न समस्या छ,” विकले भनिन्। पाँच कक्षासम्म अध्ययन गर्न मिल्ने कुँडेढोर प्राथमिक विद्यालयमा अहिले ५२ जना विद्यार्थी छन्। विद्यालयका शिक्षक रुद्र विकले पनि धेरैले पाँच कक्षापछि पढाइ छोड्ने गरेको बताए। विसं २०६४ मा स्थापना गरिएको कुँडेढोर प्राथमिक विद्यालयसमेत जीर्ण अवस्थामा छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# रेलवेले मुआवजा नदिएपछि बर्दिबासका १४ परिवारको बिचल्ली

महोत्तरी, २० जेठ/रासस

जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) नहुँदा पूर्व–पश्चिम रेलवेले अधिग्रहण प्रमाणपुर्जा लिनुअघि नै उनको निधन भयो, पछि स्व हमालले बसाएका १४ परिवारका नाममा पनि लालपुर्जा बन्न छ ।” अधिकारीले मुआवजाका लागि रेलवे, नगरपालिका र जिल्ला प्रशासन कार्यालय कैंयनपटक धाइए पनि कसैले



तस्वीरः फाइल

गरेका जग्गाको मुआवजा नपाएपछि यहाँका १४ परिवारको बिचल्ली भएको छ । रेलवेले बर्दिबास नगरपालिका–१४ मा घरबास रहेकै स्थानको जग्गा अधिग्रहण गरे पनि मुआवजा नपाएपछि बिचल्ली हुने अवस्था आएको पीडितले जनाएका छन् । रेलवेले आफ्नो घर वरपर ट्र्याक निर्माणका लागि सयौं उपकरण लगाएर माटो उठाइरहँदा यी १४ परिवार भने माटोकै प्रमाण नपुग्दा बिचल्ली हुने स्थितिमा पुगेका छन् ।

विसं २०२२ मा नापी भई तत्कालीन जमीनदार नीरबहादुर हमालका नाममा फिल्डबूक दर्ता रहेको साबिक २५ नं बहादुरगंज, वडा नं २ (ख)का  कित्ता नं १८, २०, २४, २६, २९ र ३० मा रहेका करीब तीन बिघा क्षेत्रफलभित्र बसोबास गर्ने १४ परिवारका नाममा लालपुर्जा नबन्दा रेलवेले मुआवजा दिन आनाकानी गरिरहेको छ । उक्त क्षेत्रफलभित्र बसोबास गर्ने १४ परिवारमा खिलबहादुर ठकुरी, एकबहादुर ठकुरी, प्रेमबहादुर बुढाथोकी, टेककुमारी मल्ल, सम्झना हमाल, मोहनकुमार दाहाल र चूडामणि दाहाल छन् । यसैगरी, रोशनकुमार दाहाल, अम्बिकादेवी अधिकारी, मालती खनाल, बालकुमारी हमाल, लीलकुमारी हमाल, यमबहादुर शाही र खड्कबहादुर सिंहका घर यसै क्षेत्रभित्र छन् । रेलवेले यी जग्गा अधिग्रहण गरेको हुँदा खाली गर्न/गराउन पत्र थमाएको छ तर घर भत्काएपछि कहाँ जाने भन्ने टुङ्गो नभएका यी १४ परिवार अहिले रनभूल्लमा छन् ।

जमीनदार हमालको नाउँमा जग्गा फिल्डबूक दर्ता रहे पनि जग्गाधनी सकेन । तत्कालीन जमीनदार र उनकी पत्नीको मृत्युपछिका हकदार छोरा कृष्णबहादुर हमाल, चिरञ्जीवी हमाल, ईश्वर हमाल र ओमकार हमालले उल्लिखित जग्गा अहिले घर भएका १४ परिवारकै रहेको हुँदा उनीहरूलाई घर र जग्गाधनीले पाउने मुआवजा उपलब्ध गराइदिन लिखित मन्जुरी दिए पनि समस्या समाधान हुन नसकेको स्थानीयले बताएका छन् । यसैगरी, बर्दिबास नगर कार्यपालिकाको कार्यालयले पनि १४ परिवारलाई मुआवजा उपलब्ध गराउन रेल विभागलाई पत्राचार गरेको छ तर रेल विभागले सङ्घीय मन्त्रिपरिषद्बाट ठोस निर्णय नभएकाले मुआवजा दिन कानूनी जटिलता रहेको बताउँदै आएको छ ।

रेलवेले अहिले सयौं यान्त्रिक साधनमा बालुवा ओसारेर घरअगाडि थुपारेको देख्दा यिनै १४ परिवारमध्येकी ९० वर्षीया अम्बिकादेवी अधिकारी जीवनको उत्तरार्द्धमा मर्न आँगन नपाउने भन्दै विलाप गर्छिन् । “सिङ्गो जीवन आफ्नो भनेर बसेको घर भत्काउन तारन्तर सूचना आउँछ, यो भत्काएर कहाँ जाने ठेगान छैन, यो उमेरमा आएर आफ्नै आँगन बिरानो बन्यो,” रेलवेले अधिग्रहण गरेको चिठी देखाउँदै उनी भन्छिन्, “सम्पत्तिको नाममा यही घरजग्गा थियो, अब यो पनि नरहने भयो, मैले सास छाड्ने ठाउँ पनि नपाउने भएँ ।”

उनलाई रेलवेले दिएको पत्रमा भनिएको छ, “रेलवे स्टेशन र ट्र्याकवेड निर्माणार्थ यो जग्गा अधिग्रहण गरिएको नसुनेको बताइन् ।

अर्को विकल्पविना वर्षौंदेखि बसिरहेको थातथलोबाट उठिबास लाग्ने भएपछि यहाँका १४ परिवारले अहिले रेलवेले ‘ट्र्याकवेड’ निर्माणार्थ माटो चुल्याइरहेकै ठाउँअगाडि धर्ना बसेका छन् । बर्दिबास–१४ का अध्यक्ष विजयकुमार महतो यी परिवारलाई तत्काल वैकल्पिक व्यवस्थाका लागि त्यही बस्तीका अरूले पाएसरह मुआवजा दिनुपर्ने बताउँछन् ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल यी परिवारको मुआवजासम्बन्धी फाइल अहिले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा पेश गरिएको र त्यहाँ हुने निर्णय अनुसार मुआवजासम्बन्धी समस्या छिनोफानो हुने बताए । “हामीले १४ परिवारसँग सम्बन्धित सबै कागजातसहितको फाइल निर्णयार्थ मन्त्रालय पठाएका छौं, त्यहाँ हुने निर्णयको प्रतीक्षामा छौं,” गेलालले भने, “निर्णय आउनासाथ सोअनुरूप कार्यान्वयन हुन्छ ।”

बर्दिबासमा पूर्व–पश्चिम रेलवे र जयनगर–बर्दिबास रेलवेका लागि जग्गा अधिग्रहण गरिएका अन्य परिवारले भने मुआवजा पाइसकेका छन् । फिल्डबूकमा नाम दर्ता रहेका तत्कालीन जिम्दारका हकदार र बर्दिबास नगर कार्यपालिकाको कार्यालयले स्पष्ट किटानसाथ यी १४ परिवार नै जग्गाधनी रहेको उल्लेख गरेपछि मुआवजा दिन ढिलाइ हुनु अन्याय भएको बर्दिबासका सामाजिक–राजनीतिक कार्यकर्ता पोषण थापाको भनाइ छ ।

# पोल्ट्रीको अत्याधुनिक प्रविधि देखेर किसान दङ्ग

चितवन, २१ जेठ/रासस

यहाँका धेरैजसो किसानले परम्परागतरूपमा कुखुरापालन गर्दै “उपलब्धिमूलक प्रदर्शनी भएकाले यस्ता कार्यक्रम हरेक दुई/तीन वर्षमा हुनुपर्छ ।”

कृषि तथा वन विज्ञान विश्वविद्यालय सकिएको बताउँछन् । यही जेठ १८, १९ र २० गते गरिएको प्रदर्शनीमा विश्वका विभिन्न देशका पोल्ट्रीसँग सम्बन्धित



तस्वीरः सौजन्य

आएका छन् । केही ठूला व्यवसायी आधुनिक प्रविधितर्फ गए पनि पछिल्लो अत्याधुनिक प्रविधि नेपालमा अझै भित्रिएको छैन ।

तर यहाँ भएको अन्तर्राष्ट्रिय पोल्ट्री प्रदर्शनीमा राखिएका अत्याधुनिक प्रविधि देखेर यहाँ आएका कुखुरापालक किसान दङ्ग परेका छन् ।

कम लागतमा धेरै अन्डा र मासु उत्पादनका लागि उपयोगी यस्ता प्रविधि देखेपछि किसान र व्यवसायी उत्साहित भएका हुन् । कतिपय विद्यार्थी र यस क्षेत्रमा रुचि राख्नेहरू पनि आकर्षित भएका छन् । विश्वका विभिन्न देशका विज्ञ र प्रविधि झिकाएर प्रत्यक्षरूपमा किसानलाई बुझाउने काम प्रदर्शनीमा गरिएको थियो । झापाबाट प्रदर्शनी हेर्न आएका सुवास खतिवडा प्रदर्शनीमा राखिएका प्रविधिहरूको अध्ययन गर्दै थिए । उनले भने, “विदेशमा गएर हेर्नुपर्ने उपकरणहरू यही हेर्न पाउँदा खुशी लागेको छ ।”

भरतपुर महानगरपालिका वडा नं १२ का दिनेश कट्टेलले कुखुरापालन गर्नेलाई प्रदर्शनी निकै फलदायी भएको बताए । पोल्ट्रीसँग सम्बन्धित उपकरण र औषधिका बारेमा हेर्ने र बुझ्ने अवसर पाइएको उनको भनाइ छ । उनले भने, रामपुरमा भेटेरिनरी सङ्काय अध्ययनरत सविना पाण्डे प्रदर्शनीले विद्यार्थीदेखि किसानसम्मलाई अध्ययनका लागि सहज बनाएको बताइन् । उनले भनिन्, “हामीले यस्ता सामग्रीको विषयमा अध्ययन गरेका थियौं । तर अहिले यहीं प्रत्यक्ष हेर्न पाइयो ।”

कृषि तथा वन विज्ञान विश्वविद्यालयका सहप्राध्यापक डा सुवीर सिंहले प्रदर्शनीमा किसान पाठशालाको संयोजन गरेका थिए । उनका अनुसार तीन दिनसम्म नेपाल, भारत, क्यानडा, ताइवान र मलेशियाका विज्ञहरूले कार्यपत्र प्रस्तुत गरेका थिए । तीन दिनमा १९ वटा कार्यपत्र प्रस्तुत गरिएका थिए । जसमा कुखुरापालनसम्बन्धी अत्याधुनिक प्रविधिका बारेमा किसान, व्यवसायी र विद्यार्थीलाई बुझाउने प्रयास गरिएको थियो ।

विदेशमा जाँदा भाषाको समस्या हुने भएपनि यहाँ सहजरूपमा कतिपय विषय नेपालीमा बुझाइएको थियो । तीन दिनमा २५५ जनाभन्दा बढीले प्रविधिको बारेमा ज्ञान हासिल गरेको उनले जानकारी दिए ।

नेपाल पोल्ट्री महासङ्घका उपाध्यक्ष टीकाराम पोखरेल नेपालमा यस अघि सन् २०१७ र २०१९ मा प्रदर्शनी गरिए पनि त्योभन्दा अझै राम्रो यसपटक गर्न फार्म, औषधि, दानालगायतका अत्याधुनिक उपकरण प्रविधिका बारेमा प्रदर्शन र पाठशाला सञ्चालन गरिएको उनले जानकारी दिए ।

नेपाल पोल्ट्री महासङ्घ र इन्डिया पोल्ट्री इक्युपमेन्ट एशोसिएशनको आयोजनामा प्रदर्शनी भएको हो । प्रदर्शनीमा १५० वटा स्टल रहेका थिए । नेपालमा पहिलोपटक विसं २०४८ मा प्रविधि भित्र्याएर व्यावसायिक कुखुरापालन गरेका नेपाल पोल्ट्री महासङ्घका अध्यक्ष गुणचन्द्र विष्ट प्रदर्शनीबाट नेपाल र भारतीय किसान एवं व्यवसायी लाभान्वित भएको बताउँछन् ।

अत्याधुनिक प्रविधि प्रयोग गर्न सक्दा थोरै लागतमा धेरै उत्पादन गर्न सकिने उनले बताए । यसले किसान र कुखुरा पाल्नका लागि आवश्यक उपकरण उत्पादन गर्ने कम्पनीका बीचमा सम्बन्ध स्थापित गर्न सहयोग पुगेको उनको भनाइ छ ।

प्रदर्शनीमा नेपाल, भारत, चीन, जर्मन, बेल्जियम, नेदरल्यान्ड, अमेरिका, टर्किए, मलेशिया, सिङ्गापुर, ताइवान, इटाली, इजरायल, बङ्गलादेशलगायतका देशका कुखुरासँग सम्बन्धित कम्पनी तथा विज्ञहरूको सहभागिता थियो ।

# नेपाल क्लियरिङ हाउसले ‘नेप्स’लाई गाभ्यो

काठमाडौं, २१ जेठ/रासस

भुक्तानी प्रणाली सेवा प्रदायक कम्पनी नेपाल क्लियरिङ हाउस लिमिटेड प्रणाली सञ्चालकको अनुमति प्राप्त गरी विगत लामो समयदेखि सञ्चालनमा थिए ।

प्रणाली सञ्चालन गर्दै आएको छ ।

हाल एनसिएचएलले एनपिएस अन्तर्गतको नेशनल कार्ड स्विच र नेपाल पे डोमेस्टिक कार्ड कार्यान्वयन गर्ने क्रममा रहेको छ । ५३ भन्दा बढी बैंक वित्तीय संस्था र एक सयभन्दा बढी अन्य संस्था/निकायले एनसिएचएलको प्रणाली प्रयोग गर्दै आएका थिए ।

तस्वीरः सौजन्य

(एनसिएचएल)ले सोही प्रकृतिको अर्को कम्पनी नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम्स लिमिटेड (नेप्स)लाई प्राप्ति गरी सोमवारबाट ‘नेपाल क्लियरिङ हाउस लिमिटेड’ कायम भएको छ ।

नेपाल राष्ट्र बैंकका अनुसार साबिकको नेप्सेको सम्पूर्ण दायित्व तथा सम्पत्ति आजबाट नेपाल क्लियरिङ हाउसमा सरेको हो । गत चैतमा एनसिएचएलले नेप्सलाई प्राप्ति गर्नेसम्बन्धी सम्झौता भएको थियो । उक्त सम्झौतापछि दुवै संस्थाले छुट्टाछुट्टै विशेष साधारणसभामार्फत आफ्नो शेयरधनीहरूको समर्थन लिई नेपाल राष्ट्र बैंकको अन्तिम स्वीकृति मागेका थिए ।

बैंक वित्तीय संस्थाबाट प्रवर्द्धित दुवै संस्था नेपाल राष्ट्र बैंकबाट भुक्तानी

नेप्सले हालसम्म विभिन्न कार्ड स्किमका लागि कार्ड स्वीचको पूर्वाधार विस्तार गर्दै बैंक वित्तीय संस्थालाई सेवा दिंदै आएको थियो ।

त्यस्तै, एनसिएचएलले कार्डबाहेकका विभिन्न विद्युतीय भुक्तानी प्रणाली, पूर्वाधार प्लेटफर्ममार्फत आफ्ना सदस्यहरूलाई सेवा दिंदै आएको थियो ।

प्राप्ति प्रक्रिया सकिएसँगै दुवै संस्थाका प्रणाली, पूर्वाधार र कारोबारलाई एकीकृत गरिएको छ । विसं २०६५ पुसमा स्थापना भएको एनसिएचएलले एनसिएचएल–इसिसी, एनसिएचएल–आइपिएस, कनेक्ट आइपिएस, कर्पोरेट पे, कनेक्ट आरटिजिएस, नेशनल पेमेन्ट इन्टरफेस, नेपाल पे क्युआरजस्ता भुक्तानी

त्यसैगरी, विसं २०६९ फागुनमा स्थापित नेप्सले विभिन्न बैंक वित्तीय संस्थाका लागि केन्द्रिकृतरूपमा कार्ड जारी गर्ने, स्वीकार गर्ने र कारोबार सम्पन्न गर्ने काम गर्दै आएको थियो ।

नेप्स अन्तर्गत ११ वटा बैंक तथा वित्तीय संस्थाका एक हजार छ सयभन्दा धेरै एटिएम, नौ हजारभन्दा बढी पिओएसमार्फत सेवा र ईकमर्स कारोबारको सेवा उपलब्ध गराउँदै आएको थियो ।

# कान्ति लोकपथ सकडखण्ड जेठ २५ गतेदेखि पूर्ण रूपमा खुला रहने

मकवानपुर, २१ जेठ/रासस

कान्तिलोकपथ सकड यही जेठ २५ गतेदेखि पूर्णरूपमा खुला हुने भएको छ । मकवानपुरका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता लक्ष्मी भण्डारीले गत वैशाख २१ गतेबाट बन्द रहेको उक्त सडक पूर्णरूपमा सञ्चालनमा आउने भएको बताउनुभयो ।

उक्त सडक आज साँझ ६ बजेदेखि बिहान ४ बजेसम्म र बिहान ९ देखि १२ बजेसम्म खुल्ला हुनेछ भने आज दिउँसो १२ बजेदेखि बेलुका ६ बजेसम्म उक्त सडक बन्द हुने प्रवक्ता भण्डारीले बताउनुभयो । ललितपुरको बागमती गाउँपालिका–२ रातोभिरस्थितमा सडक निर्माण गर्ने क्रममा ढुङ्गा माटो धेरै झरी सडक भाँसिएकाले बन्द रहेको उक्त सडक सडक पूर्णरूपमा बन्द भएको थियो ।



महोत्तरीको जलेश्वरस्थित भारतीय सिमानासँगै जोडिएको मालीवाडाद्वार । मिथिला नगरी जनकपुरधामको जानकी मन्दिरको आभास दिने कलात्मक शैलीमा तयार गरिएको यस द्वारबाट सीमा सुरक्षाका साथै पर्यटक लोभ्याउन राति बिजुलीको व्यवस्था गरिएको छ । द्वारमा बगैंचा र मिथिला चित्रकलासमेत बनाइँदै छ । तस्वीरः नितेश कर्ण/प्रतीक

# हुलाकी सडकः अङ्कुराउँदै छन् समृद्धिका सपना

धर्मेन्द्र झा र टीकाराम सुनार
काठमाडौं, २१ जेठ/रासस

आमरूपमा हुलाकी भनेपछि झट्ट याद आउँछ– सन्देशवाहक । तराई–मधेसमा भने त्योसँगै जोडिन्छ, हुलाकी सडक (राजमार्ग) । हुलाकीलाई सहज होला भनेर रेखाङ्कन गरिए पनि तत्कालीन समयमा यहाँका सीमावर्ती बस्तीलाई जोड्न योगदान गरेकाले पनि यहाँका नागरिक यी दुवैलाई छुट्याउन रुचाउँदैनन् । यिनको कहानी पनि मिल्दोजुल्दो छ । जसरी सूचना प्रविधिको विकाससँगै हुलाक वा हुलाकी छायामा परे, त्यसैगरी पूर्व–पश्चिम महेन्द्र राजमार्ग बनेपछि हुलाकी सडक । सूचना प्रविधिले त नागरिकलाई विकल्प दियो तर लामो समयसम्म हुलाकी सडकको विकल्प बनेन । त्यसै कारण तराई–मधेसका ऐतिहासिक बस्ती ओझेलमा परे । विकासको लय बिथोलियो ।


तस्वीरः रासस

यस्तै भन्दै थिए, सप्तरीको बोदेबर्साइन नगरपालिका–५ का ९१ वर्षीय श्यामनन्दनप्रसाद राजपूत । नेपालको सबैभन्दा पुरानो भनिएको सडक विस्तारको सट्टा त्यसलाई मेटाउन खोजिंदा यहाँको विकास प्रक्रिया अवरुद्धजस्तै भएको उनको बुझाइ छ । “बाक्लो बस्ती, उर्वरभूमि, छिमेकी भारतसँग सीमा जोडिएकाले यस क्षेत्रको आर्थिक तथा सामाजिक महत्त्व निकै थियो । त्यसैले राज्यले पूर्वाधारमा लगानी गर्ला भन्ने लाग्थ्यो, उल्टै भएको सडकलाई बेवास्ता गरियो । त्यही बेलादेखि यहाँको लय बिथोलियो, गरीबीको खाडल बढ्यो,” राजपूतले भने । झापाको मेची पुलदेखि कञ्चनपुरको दैजीसम्म फैलिएको सडकमध्ये मधेस प्रदेशको मात्र कुरा गर्दा सप्तरीदेखि पर्सासम्मका राजविराज, सिराहा, जनकपुरधाम, जलेश्वर, मलङ्गवा, गौर र वीरगंज जस्ता पुराना बजारलगायत ग्रामीण बस्ती भरपर्दो सडक पूर्वाधारका अभावमा छायामा परे ।

सिराहाको अर्नमा गाउँपालिका–५ का मिश्रीलाल यादव उमेरले ७५ वर्ष पुगे । उनी राज्यको प्राथमिकतामा नपरेकै कारण मानवबस्ती बाहुल्य यहाँको विकास हुन नसकेको भन्दै राज्यसँग मन कुँडिएको बताउँछन् । “हामी सानो छँदा यही गोरेटो बाटोमा हिंड्थ्यौं, अलि फराकिलो भएपछि गोरुगाढा चलाएर प्रतिकिलोग्राम रु २५ पैसामा धान बिक्री गरेर भएपनि जीविका चलाइरहेका थियौं । सडक पक्की होला भन्ने आशामा बेसेका बेला अलपत्र छाडेर दुःख थपिदिए । यसको दोष राज्यलाई नदिएर कसलाई दिनु,” यादव भन्छन् ।

तराई–मधेसमा यस्तै गुनासा छन् । गणतन्त्र स्थापनापछि सडक बन्छ भनेको सुन्दा पनि धेरैले पत्याएकै थिएनन् । ढिलै भएपनि सडकले राजमार्गको रूप ग्रहण गरेको देख्दा अहिले यो पुस्ता दङ्ग छ । “लामो समयसम्म राज्यको दृष्टि नपरेको सडकले गणतन्त्र आएपछि नयाँ जीवन पाएको छ । सडक कालोपत्र भएपछि त यहाँका बस्ती पनि चाँदजस्तै हसिला भएका छन्,” राजपूत भन्छन् ।

सिराहाको औरही गाउँपालिकाका पूर्वअध्यक्ष ७८ वर्षीय बेचन यादव लामो समयसम्म गिजोलिएको यहाँको विकास प्रक्रिया हुलाकी सडक निर्माणसँगै पुनः लयमा फर्किने आशा व्यक्त गर्छन् । “लामो समयसम्म सास्ती भोग्यौं तर त्यो पीडा कसैले बुझेनन् । जनताका पीडा र आवाज सुनेका त गणतन्त्र आएपछि न हो । हेर्दाहेर्दै सडक बन्यो, आवतजावतमा सहज भइरहेको छ,” उनले खुशी व्यक्त गरे ।

महोत्तरीको एकडारा गाउँपालिका–३ का सामाजिक अभियन्ता विजय कर्ण मधेसको जीवनरेखाका रूपमा हेरिएको हुलाकी सडक गणतन्त्रको उपलब्धि र पहिचानसँग जोडिएको बताउँछन् । “राज्य सञ्चालकले नचाहँदासम्म केही नहुने रहेछ । हामीले वर्षौंदेखि उठाइरहेको माग सुनुवाइ हुन गणतन्त्र आउनुपर्‍यो,” उनी भन्छन्, “सबै ठाउँमा गुणस्तरीय र द्रुतगतिमा काम हुन नसके पनि जति बनेको छ, त्यसले मधेसलाई जोड्दै छ । अब बाँकी काम चाँडै टुङ्ग्याउनुपर्छ ।” ७५ वर्षीय रामप्रीत साफीले सडक बनेपछि यो क्षेत्र गुलजार बन्न थालेको बताए ।

“सदरमुकामसमेत रहेका यहाँका बस्ती त्यस बेला निकै चलायमान थिए । भारतसँग नजीक भएकाले पनि नेपालको पहिचान र सामर्थ्यको पहिचान हुनेगरी विकास गर्नुपर्थ्यो तर त्यसो गरिएन,” उनले विगत सम्झिंदै भने, “जीवनको उत्तरार्द्धमा सडक बनेको देख्दा सबै दुःख–कष्ट बिर्साएको छ । जति बाँचिन्छ अझै विकास भएको देख्न पाइयोस् ।”

**समृद्धिका सपना**

गणतन्त्र स्थापनासँगै आर्थिक वर्ष २०६६/६७ मा निर्माण प्रारम्भ भएको हुलाकी राजमार्ग राष्ट्रिय गौरवको आयोजना हो । यसको उद्देश्य नै पूर्वमा झापाको भद्रपुर (मेची पुल)देखि पश्चिममा कञ्चनपुरको दैजीसम्मका जिल्ला सदरमुकाम र घनाबस्तीलाई जोड्न एक हजार ८५७ किलोमिटर सडक विस्तार गरी सन्तुलित विकास गर्नु हो । यसमध्ये पूर्वदेखि पश्चिमतर्फको लम्बाइ ९७५ किमी छ । सडकमा करीब तीन सयवटा पुल छन् ।

यस्तै, राजमार्गबाट सदरमुकाम, पुराना शहर र बजार केन्द्र जोड्न उत्तरदेखि दक्षिणसम्म विभिन्न ३५ वटा सहायक सडक छन् । तिनको लम्बाइ ८८२ किमी रहेको छ । आयोजनाले छोएका प्रदेशमध्ये सात सय किमीभन्दा बढी सडक मधेस प्रदेशमैं छ । त्यसैले सडक निर्माणपछि यहाँका ५०औं ग्रामीण बस्तीमा वर्षौंदेखि हराएको चमक फेरि फर्किन थालेको जानकार बताउँछन् । हुलाकी सडकबारे वकालत गर्दै आएका वरिष्ठ पत्रकार एवं अभियन्ता रामरिझन यादव भारतीय सिमानादेखि महेन्द्र राजमार्ग जोड्ने शाखा सडक निर्माणपछि यो क्षेत्र चलायमान हुन थालेको बताउँछन् । बजार र सडक सञ्जालबाट विमुख भएपनि प्रशासनिक, कानूनी र अन्य कामकाजका लागि यसै क्षेत्रमा रहेका सदरमुकाम पुग्नुपर्ने बाध्यता छ । त्यसैले कष्टपूर्ण यात्रा गर्न बाध्य नागरिकलाई अहिले निकै राहत भएको बताउने यादव सडक सञ्जालपछि अब राजनीतिक शक्ति सन्तुलनका हिसाबले पनि सघाउ पुग्ने विश्वास व्यक्त गर्छन् ।

मधेस प्रदेशसभा सदस्य रामअशिष यादव ‘कोर’ मधेसलाई छायामा पार्ने र मधेसको बहुमूल्य वन सम्पदा र चुरे क्षेत्र मासेर पारिस्थितिक प्रणाली नै बिथोल्ने मनसायका साथ बनेको पूर्व–पश्चिम राजमार्गको क्षतिपूर्ति भर्न नसके पनि नागरिकको जीवनस्तर उकास्न हुलाकी सडकको निर्माण एक फड्को हो भन्छन् । “कोर मधेसमा गुणस्तरीय सडक पूर्वाधारको अभावले बेहोर्नुपरेको क्षतिको त कुरै नगरौं । ढिलै भएपनि गणतन्त्रको पहिचान र जनताको सपनासँग जोडिएको हुलाकी सडकको विकास, विस्तार र स्तरोन्नतिले समृद्धिका सपना साकार पार्न ठूलो भूमिका खेल्नेछ,” उनले भने, “अब बाँकी रहेका पुल, सडकखण्ड निर्माणलाई प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्छ । यो आयोजनालाई तराई–मधेस समृद्धिको सपना मात्रै होइन गणतन्त्रपछि पूर्वाधार निर्माणमा हासिल गरेको फड्को र उपलब्धिका रूपमा देखाउन मिल्ने गरी चाँडै सम्पन्न गर्नुपर्छ ।” नेपाल उद्योग वाणिज्य सङ्घ मधेस प्रदेशका अध्यक्ष अशोक टेमानी हुलाकी सडक तराई–मधेस र सिङ्गो देशको आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यटनको अवस्था बदल्ने युगान्तकारी पूर्वाधार भएको बताउँछन् । उनी सडक निर्माणपछि आन्तरिक उत्पादनको बजारीकरण र व्यापारिक वस्तुको सहज पहुँच मात्र होइन, विश्वको उदाउँदो अर्थतन्त्र भारतसँग सम्पर्क स्थापना भई देशले नै ठूलो लाभ लिने बताउँछन् ।

“नेपालको समृद्ध अर्थतन्त्रको आधार कृषि हो भन्दै आयौं तर कृषिको आधारबिन्दुका रूपमा रहेको तराई–मधेसका ग्रामीण क्षेत्रलाई उपेक्षा गर्‍यौं,” उनले भने, “अब पनि ‘बोर्डर इकोनोमी’लाई महत्त्व दिएर सीमावर्ती भारतीय क्षेत्रमा बस्ने करोडौं नागरिकलाई लक्षित गरी योजना नबनाउने हो भने नेपालले थप आर्थिक दुरवस्था भोग्नेछ । त्यसैले समृद्धिको आधार भनेको यही हुलाकी राजमार्ग हो, यसको द्रुतत्तर विकासमा राज्यले ध्यान दिनुपर्छ ।”

राजमार्ग निर्माणले तराई क्षेत्रका विभिन्न सांस्कृतिक र प्राकृतिक स्थलमा पुग्न सजिलो भई पर्यटन प्रवर्द्धन, सामाजिक एकता र विभिन्न समुदायलाई जोड्न योगदान पुग्ने उनको भनाइ छ । “हुलाकी राजमार्ग हाम्रो देशको विकास, एकता र समृद्धिका लागि अत्यन्तै महत्त्वपूर्ण सम्पत्ति हो । यसले सामाजिक, आर्थिक र सांस्कृतिक विविधता र समृद्धिलाई प्रोत्साहित गरिरहेको छ । अधिकांश ग्रामीण बस्ती, यहाँका कृषिउपजको बजारीकरण, व्यवसायीकरण र उद्यमशीलतालगायत क्षेत्रमा पनि सकारात्मक प्रभाव परेको छ,” उनले भने ।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जीतेन्द्रकुमार महासेठले सडक बनेपछि मधेसभित्र एउटा व्यापारिक बिन्दुबाट अर्को बिन्दुसम्मको पहुँच र लागतमा समेत सहुलियत हुने बताए । उनले केही ठाउँमा बन्न बाँकी पुल र सडक विस्तारका काम भएमा मधेसमा समग्र क्षेत्रको विकासमा योगदान पुग्ने विश्वास व्यक्त गरे । “अहिले जनकपुरधामलगायत मधेसका मुख्य बजार क्षेत्रमा जग्गाको मूल्य आकाशिएको छ, जस कारण यहाँ लगानी आकर्षित भइरहेको छैन । हुलाकी सडक र सहायक सडकको विकास तथा विस्तारले अन्य क्षेत्रमा पनि जग्गा खरीद गरेर ठूला उद्योग स्थापना गर्ने, व्यापारिक क्रियाकलाप बढ्ने, कृषि उद्यमतिर व्यावसायिक लगानी गर्न सकिने आधार बन्दैछ,” महासेठले भने । नेपाल चेम्बर अफ कमर्स सर्लाहीका वरिष्ठ उपाध्यक्ष सुगन्धकुमार गुप्ताले सडक निर्माणपछि ग्रामीण क्षेत्रका बजार चलायमान हुन थालेको बताए । उनले भने, “मङ्गलवारदेखि जनकपुरधाम पुग्न पहिले सय किमी लामो बाटो तय गर्नुपर्थ्यो तर अहिले ५० किमी दूरी घटेको छ । हुलाकी सडकछेउको जग्गाको भाउमा वृद्धि हुँदैछ । सडक निर्माणपछि पसल, पेट्रोल पम्प खुलेका छन् । सामाजिक, सांस्कृतिक, आर्थिक क्रियाकलाप बढ्न थालेका छन् ।” अब जनकपुरदेखि वीरगंज जोड्न बाग्मतीमा पुल निर्माण गर्नुपर्ने र त्यसपछि थप सहज हुने उनको भनाइ छ ।

सर्लाहीको गोडैता नगरपालिकाका प्रमुख देवेन्द्रकुमार यादवले हुलाकी सडक निर्माणपछि वर्षौंदेखि भोग्दै आएको हिलो र धूलोको समस्याबाट राहत र उत्पादनको बजारीकरणमा सहयोग पुगेको बताए । “अहिले हाम्रो नगरमा उत्पादित तरकारीलगायतका कृषिउपज जनकपुर, काठमाडौं पठाउन सहज भएको छ । यस क्षेत्रका उखु उत्पादकलाई पनि मिलसम्म सामग्री पुर्‍याउन सहज भएको छ,” नगरप्रमुख यादवले भने, “हुलाकी सडकका चोकचोकमा पसल खुल्न थालेका छन् । जनकपुर, जलेश्वर जान सहज भएको छ ।” उनले बाग्मती नदीको बरहर्वाघाट पुल बनेमा रौतहटको गौर, बाराको कलैया र वीरगंज जोड्न थप सहज हुने बताए । तराई–मधेसका झन्डै ५५ प्रतिशत खेतीयोग्य उर्वरभूमि, वनजङ्गल, ६० प्रतिशतभन्दा बढी उद्योग कलकारखाना हुलाकी राजमार्ग करिडरमैं रहेकाले यसको निर्माणले तराई–मधेसको मात्र नभई समग्र देशकै आर्थिक उन्नति र समृद्धिमा महत्त्वपूर्ण योगदान दिनेछ । तराई–मधेसका २१ जिल्ला जोड्नेगरी बनिरहेको राजमार्गले करीब एक करोड जनसङ्ख्या लाभान्वित हुनेछ ।

हुलाकी राजमार्ग आयोजना प्रमुख इन्जिनीयर अजयकुमार मूलले हाल निर्मित सडक संरचनाले बस्ती मात्र होइन, नागरिक र राज्यबीचको सम्बन्ध सेतुको काम गरेको बताउँछन् । “जुनसुकै सडकले पनि नागरिकको जनजीवन सहज बनाउने, आर्थिक गतिविधिमा बढोत्तरी हुने र सन्तुलित विकासलाई सम्भव तुल्याउने हो तर हुलाकी राजमार्ग गणतन्त्र नेपालको पहिचानसँग जोडिएकोले यसको महत्त्व बहुआयामिक छ,” मूलले भने, “हुलाकी सडक तराई–मधेसका जनताको सपना हो । सडक निर्माणपछि कृषि उत्पादन, व्यापार–व्यवसाय, उद्योग, कलकारखानाको विकास भएको छ ।” योजना कार्यालय जनकपुरका प्रमुख इन्जिनीयर कृष्णकुमार महतोले निर्माणका क्रममा देखिएका समस्या र चुनौतीको समाधान गरी बाँकी कामलाई पूर्णता दिन सके हुलाकी सडक देश विकासको कोसेढुङ्गा हुने बताए । उनी भन्छन्, “अहिले कम्तीमा ५० प्रतिशत दूरी छोटिएपछि आवातजावत र स्थानीय कृषि उपजको बजार पहुँच, हाटबजारको बढोत्तरी, व्यापारमा सहज भएको छ । समग्रमा देशको रूपान्तरणकारी योजना हो यो ।”

**पूर्वाधारमा फड्को, कार्यान्वयनमा अड्को**

१५ वर्षअघि शुरू भएको राजमार्गको हालसम्म एक हजार २४३ किमी सडक कालोपत्र तथा १३५ वटा पुल निर्माणसहित समग्रमा ६५ प्रतिशत भौतिक प्रगति भएको छ । यसैगरी, रु ६२ अर्ब खर्चसहित समग्र वित्तीय प्रगति ६१ प्रतिशत भएको छ । चालू आर्थिक वर्षको हालसम्म ८५ प्रतिशत भौतिक र वित्तीय प्रगति ८४ प्रतिशत भएको भनिए पनि यो आवमा १३७ किमी सडक कालेपत्र गर्नुपर्नेमा ३७ किमी र २५ वटा पुल निर्माण गर्ने लक्ष्य रहेकामा तीनवटा मात्र निर्माण सम्पन्न भएका छन् । चालू आवमैं सम्पन्न गरिसक्ने भनिएको आयोजना विविध समस्याका कारण निकै प्रभावित भएको छ । अझै ३५ प्रतिशत भौतिक काम गर्न

(बाँकी पाँचौं पातामा)

## फरक समाचार

# बिछोडपछि कसरी पूर्वसाथीलाई बिर्सने

बिछोड (ब्रेकअप) धेरै मानिसहरूको लागि तीतो अनुभव हो किनभने तिनीहरू यसको लागि मानसिकरूपमा तयार हुँदैनन् । जोसँग तपाईंले जीवन बिताउने



कसम खानुभएको थियो त्यो व्यक्ति अब तपाईंको जीवनको अङ्ग नभएपछि पत्याउन गाह्रो हुन्छ । यद्यपि यस्तो अवस्थामा साथी र नजीकका व्यक्तिहरूले तपाईंलाई अगाडि बढ्न सल्लाह दिन्छन्, तर भावनाले काम गर्दैन । तपाईंलाई पूर्व जीवनसाथीलाई बिर्सन धेरै गाह्रो भएको छ भने यसको पछाडिको कारण पनि बुझ्नुपर्छ ।

**फर्कने आशा** : भनिन्छ संसार आशामा कायम छ र प्रेममा यसले अझ बढी काम गर्दछ । आशा टुटेको मनको सहारा बन्छ । मानिस जीवनको जुनसुकै चरणमा किन नहोस्, उसलाई आफ्नो हराएको माया एक न एक दिन पक्कै फर्केर आउँछ भन्ने लाग्छ । जब तपाईंको सोच यस्तो हुन्छ भने पूर्वजीवनसाथीलाई बिर्सन असम्भव हुनेछ ।

**सम्बन्धित वस्तु** : पूर्वसाथीलाई बिर्सन खोज्दै हुनुहुन्छ भने ऊसँग सम्बन्धित कुरा र वस्तुले तपाईंलाई उसको सम्झना दिलाउन थाल्छ । उदाहरणका लागि, यदि उसलाई कुनै खाना मनपर्थ्यो भने त्यो खानेकुरा देख्दा तपाईंलाई ती दिनको याद आउँछ । उसलाई कुनै चलचित्र वा त्ससँग सम्बन्धित गीत मन परेको थियो र त्यो कुरा त्यो मोबाइल, ल्यापटप वा टिभीमा बज्यो भने तपाईंको दिमागमा पूर्वसाथीप्रति पक्कै पनि यस्तो विचार आउन सक्छ ।

**साथीहरूले बिर्सन दिंदैनन्** : तपाईंका नजीकका साथीहरूलाई निश्चित रूपमा तपाईंको विगत जीवनबारे थाहा हुन्छ र उनीहरूले तपाईंलाई चिढ्याउन, जिस्काउन वा रमाइलो गर्न पूर्वसाथीबारे कोट्याउने गर्छन् । यस्तो अवस्थामा पनि तपाईं आफ्नो पूर्व जीवनसाथीलाई बिर्सन सक्नुहुन्न ।

**तुलना** : जब तपाईं पुरानो सम्बन्ध तोडेर नयाँ सम्बन्धमा प्रवेश गर्नुहुन्छ त्यति बेला तपाईंले जान–अन्जानमा वर्तमान जीवनसाथीको तुलना पुरानो जीवनसाथीसँग गर्न थाल्नुहुन्छ । यस्तो गर्दा पूर्वजीवनसाथीको सम्झना आउँछ । त्यसैले अहिलेको सम्बन्धमा खुशी रहन सिक्नुपर्छ र मनमनै पुरानो सम्झना कोट्याउनुहुँदैन ।

**सामाजिक मिडिया** : सामाजिक सञ्जाल एउटा यस्तो साधन हो, जसले चाहेर पनि पुराना कुराहरू भुल्न दिंदैन । यदि तपाईंले पूर्वसाथीको खाता ब्लक गर्नुभयो भने पनि साथीभाईको फेसबूक अकाउन्टमा मेमोरीको रूपमा त्यो टुप्लुक्क देखिन्छ र पुरानो सम्झना नयाँ भएर आउँछ ।

तसर्थ पूर्वजीवनसाथीलाई बिर्सन माथि बताइएको कुराहरूबाट टाढा बस्न सिक्नुपर्छ ।

# गर्मीमा उखुको रस सेवन गर्नुहुन्छ ?

गर्मीको मौसम शुरू हुनासाथ जताततै जुस पसलहरू देखिन्छ । यो सिजनमा सबैभन्दा बढी बिक्री हुने उखुको जुस हो । चर्को गर्मीमा चीसो उखुको रस



अमृतभन्दा कम हुँदैन । तर वास्तवमा राहतको अनुभूति गराउने उखुको रस शरीरमा पसेपछि रोगको जोखिम बढाउँछ ।

इन्डियन काउन्सिल अफ मेडिकल रिसर्चले सर्वसाधारणलाई थोरै मात्रामा उखुको रस पिउन सल्लाह दिएको छ । साथै फलफूलको जुस, चीसो पेयपदार्थ, चिया र कफी बढी मात्रामा सेवन नगर्न पनि सुझाव दिइएको छ ।

इन्डियन काउन्सिलले जारी गरेको एडभाइजरीमा उखुको रसमा धेरै मात्रामा चिनी हुने बताइएको छ । अध्ययन अनुसार १०० एमएल उखुको रसमा १३ देखि १५ ग्रामसम्म चिनी हुन सक्छ । जबकि वयस्कले दैनिक ३० ग्रामभन्दा बढी चिनी र सातदेखि १० वर्ष उमेरका बालबालिकाले २४ ग्रामभन्दा बढी चिनी सेवन गर्नु स्वास्थ्यका लागि हानिकारक हुन्छ ।

मधुमेहका बिरामीका लागि उखुको रस पिउनु स्वास्थ्यका लागि हानिकारक हुन्छ । किनभने यसमा चिनीको मात्रा धेरै हुन्छ । धेरै चिनी सेवन गरेपछि शरीरमा पानीको बढी आवश्यकता हुन्छ । चिनीयुक्त पेय पदार्थले शरीरमा क्यालोरीको मात्रा बढाउँछ जसले तौल बढाउन मदत गर्छ । यसले मधुमेह र मुटु रोगजस्ता रोगहरू व्यवस्थापन गर्न गाह्रो हुन्छ ।

इन्डियन काउन्सिलले कुनै पनि फलफूलको जुस सन्तुलित मात्रामा पिउन सल्लाह दिएको छ, विशेषगरी जसमा चिनी थपिएको हुन्छ । यसको सट्टा सम्पूर्ण फलफूल खानु बढी लाभदायक हुन्छ किनभने फलफूलमा फाइबर र अन्य पोषक तत्त्वहरू पनि पाइन्छ । यसका अलावा चिया, कफीजस्ता चीजको अत्यधिक उपभोगबाट टाढा रहनुपर्छ । तर, थोरै मात्रामा चिया वा कफी पिउँदा कुनै हानि हुँदैन ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## विश्वका वायुसेवा कम्पनीको आम्दानीमा उच्च वृद्धि हुने

दुबई, २१ जेठ/एएफपी

विश्वका वायुसेवा कम्पनी (एयरलाइन्स)ले सन् २०२४ मा करीब पाँच अर्ब यात्री बोक्ने अपेक्षा गरेको र यो सङ्ख्या कोभिड-१९ महामारी अघिको उच्च रेकर्डभन्दा पनि बढी भएको अन्तर्राष्ट्रिय हवाई यातायात सङ्घ (आइएटिए)ले सोमवार जनाएको छ।



आइएटिएले यस वर्ष विश्वका वायुसेवा कम्पनीहरूले ३० अर्ब अमेरिकी डलर आम्दानी गर्ने अपेक्षा गरेको छ।

आइएटिएका महानिर्देशक विली वाल्शले दुबईमा उक्त संस्थाको वार्षिक साधारणसभामा भने– "अपेक्षित लाभ 'हालको गहिरो महामारी घाटा'लाई ध्यानमा राख्दै एक ठूलो उपलब्धि हो।"

"व्यक्ति र अर्थव्यवस्थाको महत्त्वाकाङ्क्षा र समृद्धिको लागि उड्डयन निस्सन्देह पनि महत्त्वपूर्ण छ। एयरलाइन्सको नाफा बलियो बनाउनु र वित्तीय लचिलोपन बढाउनु महत्त्वपूर्ण छ"–उनले भने।

विश्वभरका ३०० भन्दा बढी एयरलाइन्सहरू समावेश रहेको आइएटिएले वैश्विक ट्राफिकको ८३ प्रतिशतको लागि लेखाङ्कन गर्छ। आइएटिएले संयुक्त अरब इमिरेट्सको वित्तीय हब दुबईमा संस्थाको ८०औं वार्षिक साधारणसभा आयोजना गर्दैछ।

बलियो आँकडाका बावजूद पार्टपुर्जाहरूको अभाव र श्रम तथा जलवायु परिवर्तनसँग सम्बन्धित चुनौतीहरूका कारण एयरलाइन्सहरूले लागतमा तीव्र वृद्धिको सामना गरिरहेका छन्। आइएटिएका अनुसार यो वर्ष उनीहरूको कुल खर्च ९.४ प्रतिशतले बढेर ९३६ अर्ब डलर पुग्ने अनुमान गरिएको छ।

एयरलाइन्स उद्योगको कुल आम्दानी भने करीब १० प्रतिशत बढेर ९९६ अर्ब अमेरिकी डलर पुग्ने अनुमान गरिएको आइएटिएले जनाएको छ। रासस

## पाकिस्तानी विमान कम्पनीमा इयूको प्रतिबन्ध कायम रहने

कराँची, २१ जेठ/एएनआई

युरोपेली सङ्घ (इयू)ले पाकिस्तान इन्टरनेशनल एयरलाइन्स (पिआइए) लगायत पाकिस्तानी हवाई कम्पनीहरूमा प्रतिबन्ध कायम राख्ने निर्णय गरेको छ।

हालैको बैठकपछि इयूले सङ्घभित्र सञ्चालन हुने प्रतिबन्धित विमान कम्पनीहरूको विद्यमान सूची संशोधन गर्न कुनै बाध्यकारी कारण फेला नपारेकोले अझै पाकिस्तानी विमान कम्पनीमाथिको प्रतिबन्ध कायम राखिएको जनाएको छ।

यो फैसला पाकिस्तान नागरिक उड्डयन प्राधिकरण (पिसिएए)को स्थल मूल्याङ्कन र पाकिस्तानी विमान कम्पनी फ्लाई जिन्ना र एयरब्लू लिमिटेडको नमूना मूल्याङ्कन प्रस्तुत गर्दै इयू एयर सेफ्टी कमिटीले गरेको विस्तृत मूल्याङ्कनपछि आएको हो।

सन् २०२३ नोभेम्बर २७-३० को बीचमा आयोजित स्थलगत मूल्याङ्कनको सुरक्षा सुनिश्चित गर्न पिसिएएको निरीक्षण भूमिका र जिम्मेवारीहरूको जाँच गरिएको थियो।

इयूको हवाई सुरक्षा समितिले पाकिस्तानको सुरक्षा अवस्थाको निरन्तर निगरानीको आवश्यकतालाई जोड दिएको छ।

हाल इयूले पाकिस्तानी हवाईवाहकमा प्रतिबन्ध कायम राखेको छ, साथै सदस्य राष्ट्रहरूलाई अनुपालन प्रमाणित गर्न निरीक्षण गर्न आग्रह गरेको छ। आयोगले अन्तर्राष्ट्रिय सुरक्षा मापदण्डहरू कायम राख्ने सर्वोच्च महत्त्वलाई जोड दिँदै आसन्न सुरक्षा जोखिमहरूको कुनै पनि सङ्केतले थप कारबाई गर्न सक्ने चेतावनी दिएको एआरवाई न्यूजले जनाएको छ। रासस

## जापानमा ६.० म्याग्निच्युडको भूकम्पको धक्का महसूस

टोकियो, जापान, २१ जेठ/सिन्ह्वा

जापानको केन्द्रीय प्रान्त इशिकावाको नोटो क्षेत्रमा सोमवार बिहान ६.० म्याग्निच्युडको भूकम्प गएको जापानको मौसमसम्बन्धी विभागले जनाएको छ।

जापानी मौसम विज्ञान एजेन्सी (जेएमए)का अनुसार स्थानीय समय अनुसार बिहान ६ बजेर ३१ मिनेटमा १४ किलोमिटर गहिराइमा भूकम्प गएको थियो भने भूकम्पको केन्द्रबिन्दु ३७.५ डिग्री उत्तरी अक्षांश र १३७.३ डिग्री पूर्वी देशान्तरमा रहेको थियो।

जेएमएका अनुसार भूकम्पका कारण समुद्री छालमा केही परिवर्तन देखिन सक्ने तर सुनामी आउने र सुनामीजन्य क्षतिको सम्भावना छैन।

जापानमा जनवरी १ मा ७.६ म्याग्निच्युडको शक्तिशाली भूकम्पले नोटो क्षेत्र र वरपरको क्षेत्रमा धक्का दिएको र यसले सुनामी निम्त्याएको थियो। सुनामीका कारण २६० जनाको ज्यान गएको थियो भने एक हजार ४३३ जना घाइते भएका थिए। उक्त प्राकृतिक विपत्तिमा ७५ हजारभन्दा बढी घर क्षतिग्रस्त हुँदा विस्थापित भएका तीन हजार ३०० भन्दा बढी मानिस अझै शिविरमा बसिरहेका जापानको सरकारी तथ्याङ्कमा उल्लेख छ।

स्थानीय प्रहरीका अनुसार सोमवारको भूकम्पले यस अघिको भूकम्पमा सबैभन्दा बढी प्रभावित शहर वाजिमामा पाँच घर क्षतिग्रस्त भएका छन्। भूकम्पका कारण दुईजना घाइते भएका छन्।

यस क्षेत्रमा भूकम्पको तीव्रता महसूस भएपछि धेरैजना नोटो प्रायःद्वीपमा भूकम्पको परिणामबारे फेरि चिन्तित भएका छन्, यद्यपि भूकम्पसँग जुधेर काम गर्नबाहेक कुनै विकल्प नभएको वाजिमा शहरका ६४ वर्षीय एक बासिन्दाले बताए।

प्रमुख ऊर्जा कम्पनीहरूका अनुसार इशिकावाको सिका आणविक ऊर्जा संयन्त्र तथा नजीकैको निगाता प्रान्तको काशीवाजाकी-कारिवा आणविक ऊर्जा संयन्त्रमा कुनै असहजता देखिएको छैन। भूकम्पपछि जोयत्सु र होकुरिकु सिङ्कानसेन बुलेट ट्रेनको सेवा अस्थायीरूपमा स्थगित गरिएको पूर्वी जापान रेलवे कम्पनीले जनाएको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – अन्नलाभ | वृष – खर्चवृद्धि |
| मिथुन – धनलाभ | कर्कट – सफलता |
| सिंह – अलमल | कन्या – रोगभय |
| तुला – व्यापारवृद्धि | वृश्चिक – शत्रुभय |
| धनु – कार्यनाश | मकर – भयचिन्ता |
| कुम्भ – मित्रमिलन | मीन – धनखति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे



**दुर्घटनाः** हिजो आइतवार परवानीपुर-वीरगंज सडखण्डको वयोधा मेडिसिटी अस्पतालनजीकै ट्याक्टर दुर्घटनामा घाइते भएका चालकको उद्धार गर्दै स्थानीय बासिन्दा। तस्वीरः नितेश कर्ण/प्रतीक

## जिल्ला भेला सम्पन्न




तस्वीरः प्रतीक

प्रस, पर्सागढी, २१ जेठ/

सखुवाप्रसौनी गाउँपालिका वडा नं ६ लखनपुर टोलको सामुदायिक भवनमा सहकारी केन्द्र नेपालको प्रमथ पर्सा जिल्ला भेला सोमवार सम्पन्न भएको छ। सो भेला केन्द्र मधेस प्रदेशका अध्यक्ष मिश्रीलाल सहनीको अध्यक्षता तथा नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सचिव लीलामणि पोखरेलको प्रमुख आतिथ्य सम्पन्न भएको हो। भेलामा विभिन्न प्रस्तावहरूमा छलफल भएको थियो। भेलाले सात सदस्यीय जिल्ला समिति पनि गठन गरेको छ। समितिका अध्यक्ष प्रदीप चौधरी, उपाध्यक्ष अमिर मन्सुरी, कोषाध्यक्ष नइमा खातुन, सचिव बमबहादुर पण्डितलगायत सदस्यहरू छन्। कार्यक्रममा पर्सा जिल्ला इन्चार्ज विजय महतो, बारा इन्चार्ज अनिल श्रेष्ठ, माओवादी नेता बलिराम साह, जिल्ला सहकारी सङ्घ पर्साका अध्यक्ष शिवकुमार साहलगायतको सहभागिता थियो।

### सिसिटिभी ...

बताइन्। यस सिसिटिभीमा उज्यालो, अँध्यारोमा भिडियो र भ्वाइससमेत रेकर्ड हुने प्राविधिक समीर तामाङले बताए। निजगढ शहरोन्मुख भइसकेकोले पनि हरेक चोक, सार्वजनिक स्थल, सडकहरूमा सिसिटिभी जडान गर्नु आवश्यक भएको उनले औंल्याए।

नगरका भित्री सडक, चोक चौतारा, सार्वजनिक स्थल, बस्तीहरूमा सिसिटिभी जडान गर्दा नागरिकहरूलाई सुरक्षाको अनुभूति हुने, कुनै घटना हुन थाले अग्रिम थाहा पाउन सकिने, घटना भएमा अनुसन्धान गर्न प्रहरीलाई सहयोग पुग्ने इप्रका, निजगढका प्रमुख एवं प्रहरी निरीक्षक सुमित कुशवाहाले बताए।

पाँच वर्ष अघि निजगढ नगरपालिकाको आर्थिक सहयोगमा १६ वटा सिसिटिभी जडान भएपनि हाल आठवटा मात्र सञ्चालनमा रहेका छन्। निजगढ नगरमा आज जडान भएका सिसिटिभी गरी जम्मा २० वटामध्ये अहिले १२ वटा सञ्चालनमा छन्।

### ग्रामीण ...

गृहिणी देविका श्रेष्ठले बताइन्। विदेशमा फोन गर्दा धेरै रकम खर्च हुन्छ तर इन्टरनेटको माध्यमबाट भ्वाइस कल वा भिडियो कल निश्शुल्क गर्न पाएको श्रेष्ठले बताइन्।

यस क्षेत्रका शिक्षितका साथै अशिक्षित व्यक्तिहरूले पनि उत्तिकै इन्टरनेट चलाउने गरेका छन्।

ग्रामीण भेगमा इन्टरनेट चलाउने मोबाइल प्रयोगकर्ता दिनहुँ वृद्धि भएपनि महँगो शुल्कमा इन्टरनेट चलाउन बाध्य छन्। यहाँका इन्टरनेट प्रयोगकर्ताहरू एनटिसी तथा एनसेलको सीमबाट डाटा प्याक खरीद गरी सामाजिक सञ्जालहरू चलाउने गर्छन्। वर्ल्डलिङ्क, सुबिसुलगायतका इन्टरनेट सेवाप्रदायक कम्पनीहरूले वाइफाईको सुविधा ल्याए पनि वायरलेस लिङ्क जडान गरेकाले इन्टरनेट 'स्लो' चल्ने गरेको छ। पटेर्वासुगौली, ठोरी, जीराभवानी, जगरनाथपुरलगायत अन्य पालिकाहरूमा इन्टरनेटको लागि अप्टिकल फाइबर जडान भइसकेको छ।

अप्टिकल फाइबर जडान भएपछि धेरैजसो आर्थिक कारोबार पनि इन्टरनेटकै माध्यमबाट हुने गरेको छ। मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, ईसेवा, खल्तीलगायतका एप्सको सहयोगबाट आर्थिक कारोबार बढेको छ। यसका साथै इन्टरनेटको प्रयोग गरी अनलाइनबाट बिजुलीको बिल, इन्टरनेटको बिल, खानेपानी, विद्यालयको शुल्क भुक्तानी गर्न सर्वसाधारणलाई सुविधा भएको छ।

सूचना, सञ्चार, शिक्षा, बैंकिङ कारोबार, कुराकानी गर्न तथा मनोरञ्जनका लागि विभिन्न सामाजिक सञ्जालको प्रयोग गर्न इन्टरनेटले एकदमै सहज गरेको भएपनि युवाद्वारा साइबर क्राइम गर्ने विकृति पनि निम्त्याएको छ।

### हुलाकी सडक ...

बाँकी छ भने त्यसका लागि थप रु ४० अर्ब आवश्यक पर्ने आयोजनाको अनुमान छ। अझै २३० किमी क्षेत्रमा प्रवेश गर्न सकिएको छैन। जग्गा अधिग्रहण, राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र सडक निर्माण गर्न कानूनी जटिलता, भारतीय सीमासँग जोडिएका कतिपय ठाउँमा 'नो म्यान्स ल्यान्ड'का नाममा भारतीय सुरक्षा बलको अवरोध, आयोजना शुरू भएको १५ वर्ष बित्दासमेत राजमार्गको 'राइट अफ वे' यकीन गरी राजपत्रमा प्रकाशन हुन सकेको छैन।

निर्माण र स्तरोन्नति, स्थानीय पालिकाहरूले समयमा ठेक्का व्यवस्थापन नगर्दा निर्माण सामग्रीको उपलब्धताजस्ता समस्या र सरकारले प्रस्तावित बजेट अनुसार रकम विनियोजन नगर्दा समग्र आयोजना नै अझै कति वर्षमा टुङ्गिने हो अनुमान गर्न गाह्रो छ। सूचना अधिकारी माधव अधिकारीले भने, "विभिन्न समस्याका कारण आयोजनाका सम्पूर्ण काम चालू आवमा सक्ने अवस्था भएन। त्यस कारण २०८३/८४ सम्म समय थप गर्नुपर्ने प्रस्ताव अगाडि बढाएका छौं, अहिले छलफलकै क्रममा छ।" उनले सरकारबाट पर्याप्त बजेट व्यवस्थापन, मापदण्ड निर्धारण, निकुञ्ज र विवादित क्षेत्रको विवाद समाधानका लागि पहल गरेमा प्रस्तावित समयभित्र योजना सम्पन्न गर्न निर्देशनालय सक्षम रहेको बताए। हुलाकी राजमार्ग निर्माणका लागि जग्गाको मुआवजा नदिने नेपाल सरकारको अघोषित नीति नै छ तर अहिले यही विषयलाई लिएर देशभरि एक सयभन्दा बढी मुद्दा अदालतमा छन्। तीमध्ये ६० वटा मधेस र विशेषगरी आयोजना कार्यालय जनकपुरको क्षेत्रभित्र छन्।

योजना कार्यालय जनकपुरका प्रमुख महतो पनि हुलाकी सडकसँग जोडिएका कानूनी, नीतिगत र वित्तीय सवालहरू सम्बोधन गर्न नसके तोकिएको समयमा सडक निर्माणसम्पन्न हुन चुनौतीपूर्ण रहेको बताउँछन्। "जनकपुर कार्यालयको क्षेत्रमा पर्ने सिराहा, धनुषा, महोत्तरी र सर्लाहीमा मात्रै अदालतबाट १६ वटा अन्तरिम आदेश जारी भएका छन्। यसले गर्दा धनुषाको औरही र महोत्तरीको सर्पला, वनचौरीलगायतका क्षेत्रमा सडक विस्तार गर्न सकिएको छैन। व्यक्तिको जग्गामा सडक बनाइएको तर मुआवजासमेत नदिएर जग्गाधनीले नै तिरो तिर्नुपर्ने बाध्यता छ। यसले जटिलताहरू कायमै छन्। वृहत् समझदारी बनाएर समस्या समाधान गरिनुपर्छ," उनले सुझाए। निर्देशक मूलले सडक निर्माणमा हुने ढिलाइले राज्यलाई थप आर्थिक नोक्सानीका साथै कार्यक्षमतामाथि नै प्रश्न उठ्ने अवस्था आइसकेकोले अब सबै गम्भीर बन्नुपर्ने बताए।

आयोजनामा भारत सरकारबाट प्राप्त रु आठ अर्ब लगानी छ। सो रकममा पूर्व-पश्चिम ६० किमी र उत्तर-दक्षिण २३० सहित करीब २९० किमी सडक निर्माण गरिएको थियो। त्यसबाहेक सबै दायित्व नेपाल सरकारले बेहोर्दै आएको छ। तराई-मधेसको 'लाइफलाइन' भनिने आयोजना गणतन्त्र नेपालको उपलब्धिको एक द्योतक पनि भएकाले उच्च प्राथमिकताका साथ बाँकी काम सम्पन्न गर्न सरकारको सम्पूर्ण पहलकदमी अपरिहार्य रहेको बताउँछन्, सिराहा नगरपालिका-१९ का ९२ वर्षीय मुगालाल यादव। "सडक नबन्दा धेरै दुःख र सास्ती भोग्यौं। अहिले हुलाकी सडक बनेपछि सुबिस्ता भएको छ," यादव भन्छन्, "तर कमला पुल र बाँकी सडक अझै बनेका छैनन्। त्यो बनेको भए त धेरै सहज हुनथ्यो।"

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## वीरगंज महानगरपालिकाको सूचना

प्रस्तुत विषयमा वीरगंज महानगरपालिका साबिक वडा नं ८ र हाल वडा नं २४ मा सञ्चालित श्री वीरगंज पाठशालाको ठेगाना परिवर्तन सम्बन्धमा कम्पनी रजिस्ट्रारको कार्यालयको चनं ३४३६६/२०८०/८१ मिति २०८०/०९/२२ गतेको पत्रानुसार ठेगाना परिवर्तन भई आएको तथा उक्त विद्यालयको चनं १३/२०८०/८१ मिति २०८०/१०/१३ को पत्रबाट तपसिल अनुसारको नाम र ठेगाना परिवर्तन गरिपाउँ भनी सम्बन्धित वडा कार्यालयको सिफारिशसहित निवेदन दिएकोमा यस कार्यालयको मिति २०८०/१२/१५ को निर्णय अनुसार हकदाबीसम्बन्धी ३५ दिने सूचना प्रकाशन गरिएको छ।

***तपसिल***

| विद्यालयको नाम | साबिकको ठेगाना | हाल परिवर्तित ठेगाना |
|---|---|---|
| श्री वीरगंज पाठशाला | वीरगंज महानगरपालिका-८, पर्सा | वीरगंज महानगरपालिका-२४, रामगढवा, पर्सा |

## सिसिटिभी जडानले सुरक्षाको अनुभूति



प्रस, निजगढ, २१ जेठ/

निजगढ नगरपालिका ९ नं वडा कार्यालयले सोमवार आफ्नो वडाका मुख्य स्थानमा सिसिटिभी जडान गरेको छ । पूर्व–पश्चिम महेन्द्र राजमार्गस्थित इलाका प्रहरी कार्यालय, निजगढ हुँदै भित्री सडकहरू क्याम्पस रोड, ठाडोलाइन, नदीकाट, तेस्रोलाइन, प्रकाशबस्ती र प्राथमिक स्वास्थ्य केन्द्र जाने चौबाटो सडकलाई लक्षित गरी चारवटा सिसिटिभी जडान गरिएको वडा कार्यालयले जनाएको छ ।

यस चौबाटो सडक शहीद चोकबाट दक्षिणतर्फ जाने मुख्य नाका भएकोले यस सडक भएर आवतजावत गर्ने व्यक्ति, सवारीसाधनलगायतको अस्वाभाविक, शङ्कास्पद गतिविधिलाई निगरानीमा राख्नका लागि सिसिटिभी जडान गरिएको वडाध्यक्ष रामचन्द्र कटुवालले बताए । उनले थप बजेट विनियोजना गरी अन्य स्थानमा पनि सिसिटिभी जडान गरिने बताए । सुरक्षासँग सम्बन्धित विषय भएकोले सिसिटिभीमा कैद हुने सम्पूर्ण गतिविधि इप्रका, निजगढको सुरक्षा प्राविधिक शाखाले हेर्ने वडाध्यक्ष कटुवालले जानकारी दिए ।

चौबाटो सडक आसपास, वरपरका घरहरूमा दिउँसै चोरीका घटनाहरू भएपछि वडा कार्यालयले रु एक लाख विनियोजन गरी चारवटा सिसिटिभी जडान गरेको वडा सचिव सपना ढुङ्गानाले

(बाँकी पाँचौं पातामा)


**लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको हकअधिकार सुनिश्चित गरौं**

**संविधानले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलाई सामाजिक न्यायको हक प्रदान गरेको छ ।**

- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको,
- मानव अधिकार र मौलिक हकको रक्षा गरौं,
- सामाजिक मर्यादा र सुरक्षा सुनिश्चित गरौं,
- विकास निर्माण र सेवाप्रवाहमा सहभागिता सुनिश्चित गरौं,
- उनीहरूप्रति सकारात्मक दृष्टिकोणको विकास गरौं,
- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकमैत्री वातावरण निर्माण गरौं,
- वैयक्तिक स्वतन्त्रता, आत्मसम्मान र न्यायको पक्षमा वकालत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |






# खेलकूदको संसार

## बङ्गबन्धु कप कबड्डीमा नेपाल उपविजेता

प्रस, वीरगंज, २१ जेठ/

बङ्गबन्धु कबड्डी कप–२०२४ मा नेपाली टीम उपविजेता भएको छ । सोमवार बङ्गलादेशको राजधानी ढाकामा भएको प्रतियोगिताको फाइनल खेलमा घरेलु टीम बङ्गलादेशविरुद्ध ४५–३१ ले पराजित भएपछि नेपाल उपविजेतामा सीमित भएको हो ।



तस्वीर: सौजन्य

बङ्गलादेशको राजधानी ढाकामा भएको फाइनल खेलको दोस्रो हाफमा नेपालले सुधारिएको खेल प्रदर्शन गरेको थियो । खेलको पहिलो हाफमा बङ्गलादेशले २४–१० को अग्रता बनाएको थियो । दोस्रो हाफमा २१–२१ को बराबरी अङ्क जोडे पनि पहिलो हाफको सहज अग्रताका कारण बङ्गलादेशले उपाधि घरमैं राखेको हो ।

प्रतियोगितामा बङ्गलादेश अपराजित रह्यो । यस अघि समूह चरणको खेलमा पनि नेपाल बङ्गलादेशसँग ४६–३१ ले पराजित भएको थियो । दुवै टीम समूह 'ए'बाट फाइनलमा आएका हुन् । नेपालले समूह चरणका पाँचमध्ये चार खेलमा जीत निकाल्दा बङ्गलादेश भने शतप्रतिशत नतीजासहित सेमिफाइनलमा आएको थियो ।

सेमिफाइनलमा नेपालले केन्यामाथि टाइब्रेकरमा जीत निकाल्दा बङ्गलादेशले थाइल्यान्डविरुद्ध ४१–१८ को सहज जीत निकालेको थियो । सन् २०२१ देखि शुरू भएको प्रतियोगिताको हालसम्म चार संस्करण आयोजना हुँदा चारै संस्करणको उपाधि बङ्गलादेशले जितेको छ । (एजेन्सीको सहयोगमा)

## प्रधानमन्त्री कप भलिबल : पुलिस र हेल्प नेपाल विजयी

काठमाडौं, २१ जेठ/रासस

नेपाल पुलिस क्लब र हेल्प नेपाल स्पोर्ट्स क्लबले राजधानीमा जारी प्रधानमन्त्री कप महिला तथा पुरुष भलिबल लिग अन्तर्गत पुरुषतर्फको खेलमा जीत हासिल गरेका छन् ।



त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद् (राखेप)को कभर्डहलमा सोमवार भएको खेलमा पुलिसले बूढानीलकण्ठ भलिबल क्लबलाई ३–० को सोझो सेटमा पराजित गर्दै जीत हासिल गरेको हो ।

पुलिसले पहिलो सेट २५–२० ले जित्यो भने खेलको दोस्रो सेट २५–१९ ले आफ्नो पक्षमा पाऱ्यो । त्यस्तै, खेलको तेस्रो तथा अन्तिम सेट २५–१८ ले आफ्नो पक्षमा पाऱ्यो ।

यससँगै पुलिसले प्रतियोगितामा तेस्रो जीत दर्ता गराएको छ । यस अघि पुलिसले सुदूरपश्चिम प्रदेश र एपिएफलाई पराजित गरेको थियो । आजको खेलमा पराजित बूढानीलकण्ठले अहिलेसम्म जीत हासिल गर्न सकेको छैन । बूढानीलकण्ठ हेल्प नेपाल र त्रिभुवन आर्मी क्लबसँग पराजित भएको थियो ।

आजै भएको अर्को खेलमा हेल्प नेपालले सुदूरपश्चिम प्रदेशलाई ३–० कै सोझो सेटमा पराजित गर्दै विजयी भयो । हेल्प नेपालले खेलको पहिलो सेट २५–१९, दोस्रो सेट २५–२० र तेस्रो सेट २५–२२ ले जित्यो । हेल्प नेपालले यसअघि बूढानीलकण्ठ र कोशी प्रदेशलाई पराजित गरेको थियो । सुदूरपश्चिम प्रदेश भने नेपाल पुलिस क्लब र गण्डकी प्रदेशसँग पराजित भएको थियो ।

यसैगरी, महिलातर्फ आजै सम्पन्न खेलमा विभागीय टोली नेपाल एपिएफ क्लबले कर्णाली प्रदेश तथा एभरेस्ट भलिबल क्लब, अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई ३–० को सेटमा पराजित गर्दै विजयी भएको थियो ।

## साफ महिला फूटबल प्रतियोगिता काठमाडौंमा हुने

काठमाडौं, २१ जेठ/रासस

साफ महिला फूटबल प्रतियोगिता काठमाडौंमा हुने भएको छ । उक्त प्रतियोगिता आगामी कात्तिक १ देखि १४ गतेसम्म त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा सञ्चालन हुनेछ ।

दक्षिण एशियाली फूटबल महासङ्घ (साफ)को सोमवार बसेको प्रतियोगिता समितिको बैठकले उक्त प्रतियोगिता नेपालमा गर्ने तय गरेको अखिल नेपाल फूटबल सङ्घ (एन्फा)का प्रवक्ता सुरेशकुमार शाहले जानकारी दिए ।

उक्त प्रतियोगिता आयोजना गर्न नेपाल, भुटान र बङ्गलादेशले प्रस्ताव गरेका थिए ।

## विश्वकप क्रिकेट: ओमानविरुद्धको खेलमा नामिबिया विजयी

काठमाडौं, २१ जेठ/रासस

आइसिसी टी–२० विश्वकप क्रिकेट प्रतियोगिता अन्तर्गत सोमवार भएको खेलमा नामिबिया विजयी भएको छ । बार्बाडोसको केन्सिङ्टन मैदानमा सम्पन्न खेलमा नामिबियाले ओमानलाई सुपर ओभरमा पराजित गरेको हो । सुपर ओभरमा पहिले ब्याटिङ गरेको नामिबियाले २१ रन बनाएको थियो भने ओमान १० रनमा सीमित रह्यो ।



ओमानका मेहरन खान नामिबियाका जेन ग्रीनको विकेट लिएपछि खुशी मनाउँदै । तस्वीर: एएफपी

त्यस अघि ओमानले दिएको ११० रनको लक्ष्य पछ्याएको नामिबियाले २० ओभरमा छ विकेट गुमाएर १०९ रन बनाएपछि खेल सुपरओभरमा पुगेको हो । नामिबियाका लागि जान फ्रिलिङ्कले ४८ बलमा छ चौकाको सहयोगमा सर्वाधिक ४५ रन बनाए । त्यस्तै, निकोलस डेभिडले ३१ बलमा दुई चौका र एक छक्का प्रहार गरी २४ रन जोडे । कप्तान गेहार्ड इरास्मसले १६ बल खेलेर १३ रन बनाए ।

बलिङतर्फ ओमानका मेहरान खानले तीन विकेट लिए भने बिलाल खान, अकिब इलियास र आयान खानले समान एक/एक विकेट लिएका थिए ।

त्यस अघि टस हारेर पहिले ब्याटिङ गरेको ओमान १९ दशमलव चार ओभरमा सबै विकेट गुमाएर १०९ रन बनाएको थियो । ओमानलाई सामान्य योगफलमा समेट्न नामिबियाका रूबेन ट्रम्पलम्यानले चार विकेट लिएका थिए ।

प्रतियोगितामा ओमानका लागि खालिद काइलले ३४, जिसन मक्सुदले २२, आयान खानले १५ तथा शकील अहमदले ११ रन बनाए । नामिबियाका रूबिन ट्रम्पलम्यानले चार विकेट लिए भने डेभिड विसले तीन विकेट लिए । त्यस्तै, जेराल्ड इरास्मसले दुई तथा बर्नार्ड स्कोल्जले एक विकेट लिएका थिए ।

## विश्वकप क्रिकेट : आयोजक वेस्ट इन्डिज विजयी

काठमाडौं, २१ जेठ/रासस

वेस्ट इन्डिजले पपुवा न्यूगिनीलाई पराजित गर्दै आइसिसी टी–२० विश्वकप प्रतियोगितामा सुखद सुरुआत गरेको छ । गएराति सम्पन्न खेलमा आयोजक वेस्ट इन्डिजले समूह चरणको आफ्नो पहिलो खेलमा पपुवा न्यूगिनीलाई पाँच विकेटले हराउँदै प्रतियोगितामा सुखद सुरुआत गरेको हो ।



पपुवा न्यूगिनीले दिएको १३७ रनको मध्यम लक्ष्य वेस्ट इन्डिजले १९ ओभरमा पाँच विकेट गुमाएर पूरा गऱ्यो । वेस्ट इन्डिजका लागि रोसटन चेजले २७ बलमा चार चौका र दुई छक्कासहित ४२ रन बनाए । त्यस्तै, ब्रान्डन किङले २९ बलमा सात चौकासहित ३४ रन जोडे । यसैगरी, निकोलस पुरनले २७ तथा रोभमन पावेल र आन्द्रे रसेलले समान १५/१५ रन जोडे । पपुवा न्यूगिनीका लागि असद भालाले दुई विकेट लिए भने अलेई नाओ, चाड सोपर र जोन करिकोले समान एक/एक विकेट लिए ।

त्यस अघि गयानमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको पपुवा न्यूगिनीले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १३६ रन बनाएको थियो । पपुवा न्यूगिनीका लागि सेसे बाउले सर्वाधिक ५० रनको योगदान दिए । उनले ४३ बलमा छ चौका र एक छक्कासहित ५० रन बनाएका थिए । किप्लिन डोरिगाले १८ बलमा २७ रन जोडे । असद भालाले २२ बलमा २१ रन बनाए । चार्ल्स अमिनीले १२ रन जोड्दा चाड सोपरले १० रन बनाए । वेस्ट इन्डिजका लागि आन्द्रे रसेल र अलजारी जोसेफले समान दुई/दुई विकेट लिए भने अकिल होसेन, रोमारियो शेफर्ड र गुडकेश मोतीले समान एक/एक विकेट लिए ।